# पाँचौं परिच्छेद

# असमेली नेपाली कविताको विकासक्रम

## ५.१ विषय प्रवेश

असमेली कविताको विकासक्रमको रेखाङ्कन प्रस्तुत गर्ने सन्दर्भमा यस परिच्छेदमा साहित्येतिहास लेखनका सैद्धान्तिक आधारहरू प्रस्तुत गर्दै असमेली नेपाली साहित्यमा काल विभाजनका प्रयासहरूको चर्चा गरिएको छ । यस क्रममा असमेली नेपाली साहित्यमा अहिलेसम्म भएका काल विभाजनका प्रयासहरू, मत मतान्तर र काल विभाजनको रूपरेखा प्रस्तुत गरी मत मतान्तरको निरूपणका साथ निष्कर्ष दिइएको छ । यस सन्दर्भमा असमेली कवितालाई स्वाधीनता पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुईवटा काल खण्डमा विभाजन गरेर प्रत्येक काल खण्डका धारा उपधारा र प्रवृत्तिसमेत निरूपण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

काल विभाजनका क्रममा मूलतः असमेली नेपाली कवितामा देखिएका प्रवृत्तिगत परिवर्तनलाई आधार मानेर काल विभाजन गरिन्छ । यस क्रममा नेपाली साहित्यमा प्रचलित त्रैकालिक काल विभाजन अनुसार असमेली नेपाली कविताको काल विभाजन गर्न नमिल्ने भएकाले स्वाधीनतापूर्व र स्वाधीनता उत्तर गरी दुई किसिमले विभाजन गरेर तिनलाई उपचरणहरूमा छुट्याइएको छ ।

## ५.२ काल विभाजनका आधार र असमेली नेपाली कवितामा काल विभाजनका प्रयासहरू

असमेली नेपाली कविताको विकासलाई विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गले देखाउने प्रयास गरेका छन् । इतिहासमा आएका परिवर्तनहरूले साहित्यमा विभिन्न मोड र परिवर्तनहरू ल्याइदिएको देखिएको छ । यिनै मोड र परिवर्तनहरूबाट साहित्यको इतिहासलाई खण्ड खण्डमा छुट्याउनु पर्ने हुन्छ । साहित्यको विकासक्रमको निरन्तर यात्रालाई  विभिन्न कालखण्डमा वर्गीकरण गरी अध्ययन गर्नु साहित्यको काल विभाजन हो (गौतम, २०६३, ३२) । नेपाली साहित्यका प्रत्येक इतिहासकारले एक न एक कालविभाजनको आधार खोजी कृतिकार र तिनका कृतिको ऐतिहासिक मूल्याङ्कन गर्ने गरेको पाइन्छ । सरसर्ती हेर्दा सामान्यतया त्रिकालिक अवधारणा नै इतिहासकारहरू बिच बढी लोकप्रिय हुनाको कारण यो सरल ढंगको भएर मात्र होइन पठन-पाठनको क्रममा समेत महाविद्यालयहरूमा प्रायः यसैलाई लागू गर्नाले पनि हो (श्रेष्ठ, वि.सं. २०५९ : १११) ।

विश्व साहित्य इतिहास र नेपाली साहित्यको इतिहासलाई हेर्दा विभिन्न आधार बनाएर साहित्यको काल विभाजन गरेको पाइन्छ । साहित्यको काल विभाजनको क्रममा

कसैले ऐतिहासिक घटना क्रमलाई, कसैले शासकवर्ग र साहित्यकार विशेषको युगलाई, कसैले विभिन्न समयमा भएका आन्दोलन वा अभियानहरूलाई र कसैले साहित्यमा देखाएका प्रवृत्ति विशेषलाई आधार बनाएर काल विभाजन गरेको पाइन्छ ।

साहित्यका काल विभाजनका विभिन्न आधारहरू देखिन्छन् । 'नेपाली साहित्यको परिचयात्मक इतिहास' मा घनश्याम नेपालले साहित्य इतिहासको काल विभाजनका निम्ति निम्नानुसार आधारको उल्लेख गरेको पाइन्छ ।

साहित्य इतिहासको काल विभाजनका निम्ति घनश्याम नेपालको काल विभाजनको आधार लिइएको छ, जो निम्नानुसार छ :

(१) समयानुक्रमका आधारमा – आदिकाल, मध्यकाल, संक्रमण काल, आधुनिककाल ।

(२) शासक र तिनका शासनकालका आधारमा – पृथ्वीयुग, राणाकाल ।

(३) राजनैतिक आधारमा – शाहकाल, प्रजातन्त्र काल, पञ्चायतकाल ब्रिटिश काल ।

(४) प्रमुख साहित्यकार र तिनका प्रभावका आधारमा – भानुभक्तकाल, मोतीराम युग, देवकोटा काल, रवीन्द्रयुग द्विवेदी युग, सेक्सपियर काल ।

(५) लोक नायक र तिनका प्रभावका आधारमा – गान्धीयुग, चैतन्ययुग, मालवीय युग, मार्टिनलुथर युग ।

(६) कुनै राष्ट्रिय, सामाजिक, सांस्कृतिक घटना वा आन्दोलनका आधारमा – पुनर्जागरण काल, स्वाधीनतापूर्वकाल, विश्वयुद्धपूर्व काल, विश्वयुद्धोत्तर काल ।

(७) साहित्यिक प्रवृत्तिका आधारमा – श्रृंगारकाल, स्वच्छन्दतावादी युग, छायावादी युग, प्रगतिवादी युग, प्रयोगवादी युग, रीतिकाल, वीरगाथा काल, भक्तिकाल आदि ।

(८) कुनै प्रमुख कृति वा साहित्यिक पत्रपत्रिकाको आधारमा – शारदा काल, इन्द्रेणीकाल, भारतीकाल, उपनिषद्काल, महाभारत काल, रामायण काल, वैदिक युग, पुराणकाल ।

(९) कुनै विधाविशेषको प्रधानताका आधारमा – महाकाव्यकाल, आख्यानयुग, मुक्तककाल ।

साहित्यको काल विभाजन जे जस्तो आधारमा गरे पनि यो सापेक्षिक रूपमा शृंखलित हुँदै गएर सिंगो साहित्यिक इतिहासको निर्माण हुन्छ । साहित्यको काल विभाजनका

सन्दर्भमा विश्वसाहित्य इतिहास लेखनशैली वा इतिहास शास्त्र अध्ययन गर्दा विभाजित कालको नामकरण विविध पाइन्छ । त्यही इतिहासकै आधारमा असमेली नेपाली विद्वान्हरूले असमेली नेपाली साहित्यको विभाजनको प्रयास गरेका छन् ।

असमेली नेपाली साहित्यका अध्येताहरूले असमेली नेपाली साहित्यका विभिन्न विधाको ऐतिहासिक अध्ययन गरेका छन् तर सापेक्षित रूपमा कविताको अध्ययन बढी भएको पाइन्छ । साहित्य अध्ययनको सन्दर्भमा ऐतिहासिक अध्ययन पद्धति पनि एउटा विशिष्ट पक्ष मानिन्छ । असमेली साहित्यका अध्येताहरूले पनि असमेली नेपाली साहित्यलाई काल क्रमिक आधारमा अध्ययन गरेका छन् । यस क्रममा असमेली नेपाली साहित्यको काल विभाजनका प्रयासहरू भएका छन् ।

असमेली नेपाली साहित्यको इतिहासमा कविताको लेखन आरम्भ तुलाचन आलेबाट भएको हो र वर्तमानसम्म आइपुग्दा कविताको इतिहासले एघार दशक पार गरिसकेको छ । इतिहासको यस श्रृंखलालाई सुविधाका दृष्टिले विभिन्न ऐतिहासिक अध्येताहरूले काल विभाजनका प्रयास गरेका छन् । असमेली नेपाली कवितामा मात्र केन्द्रित रहेर काल विभाजन गर्नेहरूमा गोविन्द सिंह रावत, भीमकान्त उपाध्याय, गोपाल बहादुर नेपाली, दुर्गाप्रसाद घिमिरे, शान्ति थापा र घनश्याम तिम्सिनाले असमेली नेपाली साहित्यलाई विभिन्न कालमा विभाजन गरेर अध्ययन गर्ने प्रयत्न गरेका छन् । त्यसरी प्रयत्न गर्नेहरूमा गोविन्दसिंह रावतको नाम सर्वप्रथम लिनु पर्ने देखिन्छ । उनको अध्ययन इतिहासको सर्वेक्षणात्मक इतिहासको अध्ययन भएकाले यसमा काललाई विभाजन गर्ने, चरण उपचरणमा व्यवस्था गर्ने काम भएको छैन । उनले सामान्य रूपमा असमेली नेपाली साहित्यको विकासको सर्वेक्षण मात्र गरेका छन् तर यसले पश्चवर्ती विद्वान्हरूलाई काल विभाजनका निम्ति आधार दिएको छ ।

(१) गोविन्दसिंह रावतले असमेली नेपाली कविताको विकासलाई वि.सं. १९५०-२०४२ को कालखण्डमा देखाएका छन् । यो एक कालिक विकासको अवधारणामा आधारित देखिन्छ ।

(२) भीमकान्त उपाध्यायले गोविन्द सिंहले अघि सारेको मतलाई समर्थन गर्दै तुलाचन आलेदेखिको समयलाई निम्नानुसारले विभाजन गरेका छन् :

  (१) प्रथम चरण १८९३ – १९५०
  (२) दोस्रो चरण १९५१ – १९७२
  (३) तेस्रो चरण १९७३ – १९९३ (उपाध्याय, १९९४ : १२९)

(३) गोपाल बहादुर नेपालीले असमेली नेपाली साहित्यको कालविभाजन यसरी गरेका छन् :

  (१) पहिलो चरण १८९३ – १९५०
  (२) दोस्रो चरण १९५१ – १९७२

(३) तेस्रो चरण १९७३ – १९९३ (नेपाली, १९९४ : च-ठ)

(४) दुर्गाप्रसाद उपाध्यायले घिमिरेले असमेली नेपाली साहित्यको काल विभाजन यसरी गरेका छन् :

(१) प्रथम चरण : तुलाचन आलेको मणिपुरको धावाबाट - प्रभातको प्रारम्भिक काल १८९३-१९५९-६०

(२) द्वितीय चरण : हरिभक्त कटुवालको सम्झनाबाट असम आन्दोलनको प्रारम्भसम्म (आधुनिक काल) १९६० - १९७९ - ८० सम्म ।

(३) तृतीय चरण : अत्याधुनिक काल १९८० देखि यता (घिमिरे, २००३ : २८) ।

(५) शान्ति थापाले असमेली नेपाली साहित्यको काल विभाजन यसरी गरेकी छन् :

(१) स्वतन्त्रता पूर्व १८९३-१९४७

(२) स्वतन्त्रता उत्तर १९४८ - निवर्तमानसम्म (२००९)

अध्ययन औं विश्लेषणको सुविधालाई ध्यानमा राखी स्वतन्त्रता उत्तर काललाई चार चरणमा यसप्रकार विभाजन गरिएको छ :

(क) प्रथम चरण १९४८-१९५९ हरिभक्त कटुवाल पूर्व

(ख) द्वितीय चरण १९६०-१९७० हरिभक्त कटुवाल पूर्व

(ग) तृतीय चरण १९७१-१९८० हरिभक्त कटुवाल पूर्व

(घ) चतुर्थ चरण १९८१- निवर्तमासम्म समकालीन कविता (थापा, २०१० : २)

(६) घनश्याम तिम्सिनाले असमेली नेपाली साहित्यको काल–विभाजन यसरी गरेका छन :

(१) स्वतन्त्रता पूर्व १८९३-१९४७ सम्म

(२) स्वतन्त्रता उत्तर १९४८ - २००९ सम्म (तिम्सिना, २०१० : ५-६)

(२) स्वतन्त्रता उत्तरलाई पुनः चार उपचरणमा यस प्रकार विभाजन गरिएको छ :

(१) प्रथम उपचरण १९४८ - १९५९

(२) दोस्रो उपचरण १९६० - १९७०

(३) तेस्रो उपचरण १९७१ - १९८०

(४) चौथो उपचरण १९८१ - २००९ सम्म

उपर्युक्त काल विभाजनका अतिरिक्त विभिन्न विद्वान्हरूले आफ्ना समालोचनात्मक लेख, पुस्तक र विश्वविद्यालयका पाठ्य सामग्रीहरूसँग सम्बन्धित भएर लेखिएका पुस्तकहरूमा पनि विभिन्न किसिमले काल विभाजन गरेको पाइन्छ ।

असमेली नेपाली कवितामा विगत तीन दशकदेखि काल विभाजनका प्रयासहरू भइरहेका छन् र अद्यावधिसम्म ती प्रयासहरू जारी नै छन् । तर पनि काल विभाजनमा एक

रूपता देखिँदैन । समग्र रूपमा साहित्यको काल विभाजन भने पनि कविताकै आधारमा गरिएका उपर्युक्त काल विभाजनका सबै प्रयासहरू एउटै ठोस वस्तुगत आधारमा नहुनु र समय परिवर्तनसँगै नवीन चेतना र दृष्टिकोणमा आधारित हुनु जस्ता कारणहरूले काल विभाजनमा अनेक रूप देखिएको पाइन्छ ।

उपर्युक्त विद्वानहरूले विभिन्न कालखण्डमा गरेका काल विभाजनहरूलाई अध्ययन गर्दा सामान्यतया वर्तमानसम्म निम्न लिखित आधारहरूमा काल विभाजन गरेको पाइन्छ :

(क) ऐतिहासिक कालखण्ड

(ख) प्रमुख प्रतिनिधि पत्रिका

(ग) प्रमुख प्रतिनिधि कृति

(घ) राजनैतिक घटना र आन्दोलन ।

असमेली नेपाली साहित्यमा सबैभन्दा पहिले काल विभाजन गोविन्द सिंह रावतबाट भएको देखिन्छ । उनको "पूर्वाञ्चल भारतको नेपाली कविता एक सर्वेक्षण (१९८३) नामक पुस्तकमा पूर्वाञ्चलको कविताको इतिहासको खोज गरिएको पाइन्छ ।

उनको यस पुस्तकबाट १८९३ देखि १९८५ सम्मको ९३ वर्षको कविताको इतिहासलाई एक काल खण्डमा देखाउने प्रयास गरिएको छ ।

भीमकान्त उपाध्यायले गरेको काल विभाजनमा १८९३ तुलाचन आलेको मणिपुरको लडाईको सवाईदेखि १९९३ सम्मको कवितालाई तीन चरणमा बाँडेर विभाजन गरेका छन् । पूर्वाञ्चल असममा यसभन्दा अघि यस प्रकारको चरण विभाजन भएको देखिँदैन । उपाध्यायले पहिलो चरणको समयावधि सताउन्न वर्ष, दोस्रोमा एक्काइस वर्ष र तेस्रो चरणको समयावधि बीस वर्षको मानेका छन् । शुरुको सताउन्न वर्षको अवधिलाई एउटै चरणमा चर्चा गरिएको छ जुन चाहिँ दोस्रो र तेस्रो चरणको समय अवधि भन्दा दुई गुणा बढी देखिन्छ । यस अध्ययनमा शासक र तिनका शासनकाल, राजनैतिक उतार चढावलाई ध्यान नदिइकन स्वाधीन पूर्वकालका कविता र स्वाधीनोत्तर कालका कवितालाई एउटै चरणमा राखेर चर्चा गरिएको पाइन्छ । जसले गर्दा स्वाधीनता पूर्वका नेपाली कविताको प्रवृति र स्वाधीनता भैसकेपछिका कविताहरूको प्रवृत्तिमा आएको भिन्नतालाई छुट्याउन गाह्रो देखिएको छ । यहाँ सवाई लेखिनु अघि पनि मौखिक रूपमा लोक कविताको चर्चा भएको पाइन्छ तर उनले त्यसको उल्लेख गरेको पाइँदैन ।

यसै क्रममा गोपालबहादुर नेपालीले १८९३ - १९५० सम्मका कवितालाई असम पूर्वाञ्चलीय नेपाली कविता यात्राका पहिलो चरणका कविता मानेका छन् । नेपालीले १९५१-१९७२ अर्थात् १९५१ का यसको छेउछाउदेखि लिएर हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी** कविता संग्रहको प्रकाशन कालसम्मको समयावधिलाई असम पूर्वाञ्चलीय

नेपाली कविता यात्राको दोस्रो चरणका कविता मानेका छन् । तेस्रोमा १९७३-१९९३ हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी** कविता संग्रह (१९७२) को प्रकाशनदेखि यताको समय असम पूर्वाञ्चलीय नेपाली कविता यात्राको तेस्रो चरण मानेका छन् ।

गोपालबहादुर नेपालीले पनि भीमकान्त उपाध्यायलाई नै अनुसरण गर्दै पूर्वाञ्चल असमको कविताको चरण विभाजन गरेको देखिन्छ । नेपालीले पनि भारत स्वतन्त्रता पूर्वका उत्तर स्वतन्त्रताका कवितालाई एकै ठाउँमा राखेर काल विभाजन गरेको पाइन्छ । जसले गर्दा वर्गीकरणमा स्पष्टता देखिँदैन । यहाँ दुई भिन्न प्रवृत्तिका कवितालाई  एउटै ठाउँमा समावेश गराउने काम भएको छ । अर्कातिर एउटै समय र प्रवृत्तिका दुई कवि हरिभक्त कटुवाल र हरिप्रसाद गोर्खाराई र गोपीनारायण प्रधानलाई दुई बेग्लाबेग्लै युगका प्रतिनिधि कविका रूपमा राखेर चर्चा गरिएको पाइन्छ ।


यस क्रममा साहित्यकार दुर्गा घिमिरेले **साधना** (२००३) नामक पुस्तकमा 'पूर्वाञ्चलीय नेपाली साहित्यको काल विभाजन' शीर्षक अन्तर्गत प्रथम चरणलाई १८९३ तुलाचन आलेको मणिपुरको धावाबाट **प्रभात** (मासिक पत्रिका)को प्रारम्भ काल (१९५९-६०) अथवा प्राथमिक काल मानेका छन् । दोस्रो चरण, कवि हरिभक्त कटुवालको **सम्झना** १९६० असम आन्दोलनको प्रारम्भ १९७९-८० सम्मलाई आधुनिककाल मानेका छन् । उनले तेस्रो चरण १९८० देखि यतालाई अत्याधुनिक काल मानेका छन् । यसका साथै पूर्वाञ्चलीय नेपाली साहित्यको यस काल विभाजनलाई प्रथम चरण अथवा प्राथमिक काल, द्वितीय चरणलाई आधुनिक काल र तृतीय चरणलाई अत्याधुनिक काल पनि भन्न सक्छौं भन्ने मत प्रस्तुत गरेको पाइन्छ (घिमिरे, २००३ : २८) । घिमिरेको वर्गीकरणमा एकातिर शुरुको लगभग छैसट्ठी वर्षको अवधिलाई एउटा युग वा काल मानिएको छ । दोस्रोलाई बीस वर्ष भन्दा पनि कम अवधिलाई प्रभात (मासिक पत्रिका १९५७) पछिको समय भनी स्विकारिएको छ । तृतीय चरणको समयलाई हरिभक्त कटुवालको गीत संग्रह **सम्झना** (१९६०) प्रकाशनको समय अनुसार मिलाइएको छ तर कटुवालको **सम्झना** गीतसंग्रहको प्रकाशन वर्ष १९५८ भनेर अविनाश श्रेष्ठले उल्लेख गरेको पाइन्छ (श्रेष्ठ, १९८४ : ९) । घिमिरेले पहिलो चरणलाई प्राथमिक, दोस्रोलाई आधुनिक र तेस्रोलाई अत्याधुनिककाल भनेर मानेका छन् । उनले **प्रभात** मासिक पत्रिकाको प्रकाशन (१९५५) कविताको गद्यशैलीको सुन्दर साहित्यिक प्रदर्शन विकासलाई दर्साएको हुनाले प्रभातकाललाई पूर्वाञ्चलको नेपाली साहित्यको आधुनिक कालको सीमा निर्धारण गरेको पाइन्छ ।

शान्ति थापाले अध्ययन औ विश्लेषण सुविधालाई ध्यानमा राख्दै असमेली नेपाली साहित्यको विकास यात्रालाई १९४२ को स्वतन्त्रता आन्दोलनको आधारमा स्वतन्त्रता पूर्व र उत्तर गरी प्रथम दुई खण्डमा विभाजन गरेको पाइन्छ । पुनः स्वतन्त्रता उत्तर काललाई चार चरणमा विभाजन गर्दै प्रथम उपचरण हरिभक्त कटुवाल पूर्व र दोस्रो उपचरण हरिभक्त कटुवाल काल र

तेस्रो पनि हरिभक्त कटुवाल र चौथो उपचरण समकालीन कविता भनेर विभाजन गरिएको देखिन्छ । यस विभाजनमा स्वतन्त्रता पूर्व १८९३ देखि १९४७ सम्मको चौवन्न वर्षको अवधिलाई एउटा कालमा राखिएको छ । स्वतन्त्रता उत्तरको १९४८ देखि २००९ सम्मको एकसठ्ठी वर्षको अवधिलाई चार चरणमा विभाजन गरिएको छ । यसमा प्रथम उपचरणमा एघार वर्ष, दोस्रो उपचरणमा दश वर्ष, तेस्रो उपचरणमा नौ वर्ष र चौथोमा अठ्ठाइस वर्ष मानिएको छ ।

घनश्याम तिम्सिनाले भारतमा भएको १९४२ को स्वतन्त्रता आन्दोलनको आधारमा स्वाधीनता पूर्वकाल र स्वाधीनता उत्तरकाल गरी प्रथम दुई खण्डमा विभाजन गरेको पाइन्छ । पुनः स्वाधीनता उत्तर काललाई चारवटा उपचरणमा बाँढेर पूर्वाञ्चल भारतको नेपाली कविताको चरण विभाजन गरेको पाइन्छ । यस विभाजनमा स्वतन्त्रता पूर्व १८९३ देखि १९४७ सम्मको चौवन्न वर्षको अवधिलाई एउटै कालमा राखिएको छ । स्वतन्त्रता उत्तरको १९४८ देखि २००९ सम्मको अवधिलाई चार उपचरणमा विभाजन गरिएको छ । प्रथम उपचरणमा एघार वर्ष, दोस्रो उपचरणमा दश वर्ष, तेस्रो उपचरणमा नौवर्ष र चौथोमा अठ्ठाईस वर्ष मानिएको छ । घनश्याम तिम्सिनाले शान्ति थापालाई नै अनुसरण गर्दै पूर्वाञ्चल असमको कविताको चरण विभाजन गरेको देखिन्छ ।

उपर्युक्त सबै किसिमका काल विभाजनलाई हेर्दा ऐतिहासिक काल खण्ड र राजनैतिक घटना वा आन्दोलन एवं प्रवृत्तिका आधारमा गरिएको काल विभाजन र नामकरण बढी व्यावहारिक र विज्ञानसम्मत देखिन्छ । यसरी हेर्दा उपर्युक्त कविताका चरणहरूलाई असमेली नेपाली कविताको मोटामोटी विकासको रेखांकन मानिए पनि वैज्ञानिक मापदण्ड र आधारहरू स्पष्ट हुन सकेको छैन । समग्र कविता विकासको यात्रालाई निश्चित वैज्ञानिक आधारसहित केलाउनु आवश्यक देखिन्छ । यहाँ असमेली नेपाली कविताको विकासका चरणमा देखिएका धारा उपधारा, मोड उपमोड तथा प्रवृत्तिहरूलाई मुख्य आधार मानेर कविताको विकासक्रमलाई देखाइएको छ । पूर्वस्थापित मान्यतालाई समेत आधार मानेर असमेली नेपाली कविताको काल विभाजन यस प्रकार गरिएको छ :



### ५.२.१ असमेली नेपाली कविताको विकास प्रक्रियाको विवेचना

असमको नेपाली कविताको इतिहास हालसम्म एकसय अठार वर्ष भन्दा पुरानो मानिएको छ । त्यहाँ भन्दा अझै अगाडि जाँदा अलिखित परम्पराका लोक गीत र लोकगाथाहरूको चर्चा भएको पाइन्छ । असममा लिखित नेपाली साहित्यको विकास हुनुभन्दा अघिदेखि नै कुनै न कुनै रूपमा मौखिक साहित्यको विकास भएको पाइन्छ । अलिखित साहित्यको परम्परामा लोक गाथा, लोक परम्परा कीर्तन, नीतिशास्त्र आदि पाइन्छन् । यस प्रकारका कृतिहरूलाई लेख्य नेपाली कविताका रूपमा लिन नसकिए पनि लेख्य असमेली नेपाली कविताको पृष्ठभूमिका रूपमा भने लिन सकिन्छ । असममा नेपाली भाषा साहित्यको आरम्भ र यसको विकासका श्रृंखलामा १८९३ मा रचित तुलाचन आलेको मणिपुरको लडाईको सवाई नै पहिलो लिपिबद्ध साहित्य हो भन्ने इतिहास पाइन्छ (क्षेत्री, २००० : २) ।

यहाँ अध्ययनका सुविधाका निम्ति असमेली नेपाली कवितालाई छुट्टाछुट्टै कालमा विभाजन गरेर देखाइएको छ । प्रथम अवस्थामा असमेली नेपाली कविता विकासका चरणहरूलाई स्वाधीनता पूर्वकाल र स्वाधीनता उत्तर काल गरी दुई चरणमा विभाजन गरिएको छ । स्वाधीनता पूर्वकालको अवधि आरम्भदेखि १९४६ सम्म मानिएको छ । पुनः स्वाधीनता पूर्वकालाई दुई चरणमा बाडिएको छ पहिलो (१) अलिखित मौखिक परम्परा (आरम्भदेखि १८९२ सम्म) र दोस्रो लिखित साहित्यको निर्माण काल (१८९३ - १९४६) सम्म) त्यसै गरी स्वाधीनता उत्तरकाललाई १९४७ देखि २०१२ को अवधिभित्र राखिएको छ । यस स्वाधीनता उत्तरकाललाई पुनः तिन उपचरणमा यसरी बाडिएको छ :

(१) प्रथम चरण : जातीय जागरण काल (१९४७-१९७८)

(२) दोस्रो चरण : भाषा आन्दोलन तथा विदेशी बहिष्कार आन्दोलन काल (१९७९-१९९१)

(३) तेस्रो चरण : जातीय जागरणको उत्थान काल (१९९२ देखि २०१२ सम्म) ।

### ५.२.२ असमेली नेपाली कविताको स्वाधीनता पूर्वकाल (सुरुदेखि १८४६ सम्म)

हालसम्म उपलब्ध तथ्याङ्कका आधारमा असमको नेपाली कविता लेखनको थालनी सुगौली सन्धि (१८१६) भन्दा धेरै पछिदेखि भएको मानिन्छ । असमेली नेपाली कविताले वर्तमानसम्म आइपुग्दा एघार दशक पार गरिसकेको भए तापनि यसको पृष्ठभूमिमा भने अलिखित मौखिक साहित्य नै देखिन्छ । "नेपालीहरूले यस क्षेत्रमा प्रवेश गर्दा आफ्ना लिपि र साहित्य संस्कृति लिएरै आएको हुनाले उनीहरू बिच यसको चर्चा भई नै रह्यो जसले गर्दा उनीहरूले स्थानीय भाषाका संस्कृतिका साथै आफ्नो भाषा संस्कृतिको पनि जगेडा गर्दै गए । यही कारण हो उत्तर पूर्वाञ्चल क्षेत्रमा पनि नेपाली भाषा साहित्यको बीज अंकुरित भयो (क्षेत्री, २००० : २) । त्यसै गरी हरिभक्त कटुवालको भनाइअनुसार "नेपालीहरू जुन

दिनदेखि यस ठाउँमा आएर बसोबास गर्न थाले त्यसै दिनदेखि कुनै न कुनै रूपमा साहित्यिक चेतना जागृत भएको हुनुपर्छ । अनुकूल परिवेशको अभाव र शिक्षाको कमीले गर्दा यो फस्टाउन नसकेको हो (कटुवाल, २०२४ : ५) ।

यस पृष्ठभूमिलाई अध्ययन गर्दा सवाई साहित्यको रचना हुनुभन्दा अघि यस क्षेत्रमा मौखिक र लौकिक परम्पराको बिस्तारै विकास भएको देखिन्छ । यस प्रकार असमेली नेपाली कविताको विकास विभिन्न धारा उपधारा, मोड तथा प्रवृत्तिहरूमा भएको देखिन्छ । यस लामो समय अवधिमा कविताको स्वरूप, शिल्प संरचना र भावगत विविधताले कविताका अनेक रूप विकास भएका छन् । यहाँ तिनलाई आधार मानेर कविताको विकास यात्रा प्रस्तुत गरिएको छ । असमेली नेपाली कविताको स्वाधीनता पूर्व काललाई अलिखित र लिखित परम्पराका आधारमा पूर्वार्द्ध अलिखित र उत्तरार्द्ध लिखित गरी दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । यी दुई चरणहरू हुन् :

(१) पहिलो चरण (सुरुदेखि १८९२ सम्म) अलिखित मौखिक परम्परा ।

(२) दोस्रो चरण (१८९३ - १९४६ सम्म) लिखित साहित्यको निर्माण काल/ स्वाधीनता पूर्वकाल ।

**५.२.२.१ पहिलो चरण (सुरुदेखि १८९२ सम्म) अलिखित मौखिक परम्परा**

असमेली नेपाली कविताको स्वाधीनता पूर्वकालको पहिलो चरण अलिखित मौखिक परम्पराको समय करिब दुई दशक रहेको देखिन्छ । नेपालीहरूले आफ्नो देश छोडी असम प्रवेश गर्दा आफ्नो भाषा, लोक संस्कृति, लोक साहित्य, लोक विश्वासका परम्परा, मौखिक आख्यानका परम्परा पनि सँगै लिएर गएका थिए । यसका साथै कुनै कुनै रूपमा उनीहरूमा आफ्नो भाषाप्रति रुचि रहेकै देखिन्छ । त्यसैले भाषाको विकासका निम्ति त्यस बेला लिखित रूपमा नभए पनि मौखिक रूपमा यसको चर्चा भइरहेको पाइन्छ । विशेष गरेर धार्मिक आख्यान देवी भागवत, रामायण, गीता आदिका श्लोकहरू कण्ठ गरेर गाउने परम्परा पनि चल्दै आएको पाइन्छ तर यस्ता अलिखित कुराले मान्यता प्राप्त गर्न नसके पनि यो लेख्य नेपाली कविताको पृष्ठभूमिका रूपमा रहेको छ । प्राचीन अवस्थादेखि श्रुति परम्परामा आधारित लोक कविता सिलोक, कवित, लोक गाथा र लोक परम्परित र मौखिक रूपमा आएका लोकगीतहरू लेख्य र शिष्ट साहित्य भित्र नपर्ने तर यस्ता गीतहरूको पनि साहित्यिक महत्त्व रहेको हुँदा यस्ता लोक सृजनाले असमेली नेपाली कविता साहित्यको पृष्ठभूमिको निर्माण भने गरेको देखिन्छ । २०, २५ वर्ष अघि, नेपाली साहित्यको रूपमा बिहान बेलुकी खेतमा जाने खेतालाले र जंगलमा भैंसी हेर्न जाने गोठालाले भानुभक्त रामायण, वालन र लोकगीतको आवृत्ति गर्दथे । स्त्रीहरूमा माघ महिनामा स्वस्थानीको कथा र चाडपर्वमा संगिनीको चलन थियो । असममा त्यस

समयको साहित्यको यो अवस्था थियो (उपाध्याय, १९५६ : २१) खासै साहित्य भन्न नमिल्ने औषध दर्शन, धर्म शास्त्र वंशावली तीर्थ वर्णनका पुस्तकहरू पद्यमा नै लेखिए पनि काव्यको मर्यादा दिइँदैन । यस प्रकार अलिखित अवस्थामा असमको साहित्यिक पृष्ठभूमि निर्माण भएको पाइन्छ ।

यो काल लिखित साहित्यको पृष्ठभूमि काल हो । नेपाली जनसाधारणहरू मौखिक परम्परामा रमाए पनि नेपाली भाषाप्रति रुचि र चासो रहेको पाइन्छ । मौखिक परम्पराको विकसित रूप धार्मिक आख्यानहरूमा रुचिले नेपाली साहित्य निर्माणमा आधारको काम गरेको छ । यस कालमा लोक गाथा, लोक परम्परा र लोक गीतहरूको प्रचलन बढी हुँदै गएको देखिन्छ ।

असमेली नेपाली साहित्यको प्रथम चरण अलिखित मौखिक परम्पराका कवितात्मक प्रवृत्तिहरूलाई यस प्रकार बुँदाबद्ध गर्न सकिन्छ :

(१) मौखिक परम्पराको विकास

(२) श्रुति परम्परामा आधारित लोकगाथाको प्रचलन

(३) धार्मिक आख्यानहरूको महत्त्व

(४) कवित र सिलोकले बढी प्रचलन पाउनु

(५) वंशावली र तीर्थ वर्णन पुस्तकहरूको बढी प्रचलन अध्ययन र मनन हुनु ।

यसरी असमेली कविताको विकासमा स्वाधीनतापूर्वको पहिलो चरण अलिखित वा मौखिक परम्पराका रूपमा रहेको छ । यस कालमा विशेषतः धार्मिक भावना भएका संस्कृत मूलको कृतिहरूको बाहुल्य रहेको र लोक परम्पराका गीत, गाथाहरूको प्रचलन रहेको देखिन्छ । संस्कृत मूलका श्लोक, कविता आदिको वाचनले र मौखिक परम्परामा विकसित लोक साहित्यले पश्चवर्ती लिखित साहित्य निर्माणमा पृष्ठभूमिको काम गरेको छ ।

### ५.२.२.२ दोस्रो चरण (१८९३ – १९४६) लिखित साहित्यको निर्माण काल/स्वाधीनता पूर्वकाल

असमेली नेपाली कविताको स्वाधीनता पूर्वकालको दोस्रो चरण लिखित साहित्यको निर्माणकालको समय पाँच दशक रहेको देखिन्छ । यो सवाई धाराको चरण हो । असमेली नेपाली साहित्यको अलिखित परम्पराको अन्त्य गर्दै यस भेगको साहित्यलाई तुलाचन आलेले सर्वप्रथम मुद्रण युगमा प्रवेश गराएको पाइन्छ । तुलाचन आले यस धाराका प्रारम्भकर्ता हुन् । यस निर्माणकालका सवाई धारा केन्द्रित कवि तुलाचन आलेको जन्म र मृत्युको समय थाहा नभए पनि १८९३ तिर प्रकाशित उनको **मणिपुरको लडाइको सवाई**बाट उनी यस्तै समयावधिमा कलम चलाउने सवाईकार भएको जानकारी प्राप्त छ । निर्माणकालमा सवाई लेख्ने तुलाचन आलेका हाराहारीका अन्य कविहरूमा धनवीर भण्डारी अर्का सवाईकार हुन् । यिनले **अब्बर पहाडको सवाई** (१८९४) र **भैंचालाको सवाई** (१८९७) पहिलो भागको रचना

गरेका छन् । त्यस्तै आत्माराम मगरको भैंचालाको सवाई (१९०५) दोस्रो भाग, कृष्णबहादुर उदासको **अछामको सवाई** (१९०८), शुरवीर राईको **उपदेश लहरी** (१९०८) जस्ता कविता कृति पनि विशेष उल्लेख्य रहेका छन् । यसै बिच सवाई साहित्यकै हाराहारीमा गीत गजल, कविता लेख्ने कवि हुन हरिनारायण विद्याभूषण (१८८८- १९४२) । १९५७ मा छापिएको **गीतमाला**का गीत गजलहरू यिनले १९१० मै रचना गरेको जानकारी प्राप्त छ । यिनले स्वर्गीय कवि मोतीराम भट्टले १८८३-१९१२ उठान गरेको उत्तर मध्यकालीन साहित्यको प्रभावमा कविता, नाटक रचना गरेको पाइन्छ । यिनका केही गीतहरू ठाकुर चन्दनसिंहको सम्पादनमा १९२६ को गोर्खा संसारमा फेला पर्छन् । विपिनदेव ढुंगेलले गीतमालाको भूमिकामा संगीत चन्द्रोदयका केही बेनामी गीतहरू उनकै रचना हुन् भन्ने उल्लेख गरेको पाइन्छ । उनले संगीत चन्द्रोदयको द्वितीय कलाको दसौं गजल हरिनारायण विद्याभुषणको हो भनी पुष्टि गरेको देखिन्छ (ढुंगेल, १९५७) । सवाई काव्य धारा पछि आउने कविहरूमध्ये महानन्द सापकोटा (१८९६-१९८८) ले क्रान्तिकारी चेतनालाई सशक्त रूपमा देखाएका छन् । यिनका **मन लहरी** (१९२३) **आहुति** (१९४९), **अपुंगो** (१९५०), **विशाल नेपाल** (१९५१), **अन्नु आशा, आँसु** (१९५१), **स्त्री शिक्षा परिषद्** (१९५६), **कीर्तिराना** (१९७०), **नखाऊ** (१९७७) आदि काव्य कविताकृतिहरू प्रकाशित छन् ।

उपर्युक्त प्रमुख कविहरूका अतिरिक्त यस निर्माणकालमा सवाई लेख्ने अर्का कवि रामचन्द्र ढुंगाना हुन् । यिनले **कानी (अफिम)को सवाई** (१९३३) लेखेका छन् । यसका साथै रामचन्द्र गिरी (१९०५ - १९८५) ले १९२६-२७ देखि नै कविता लेख्न थालेको देखिन्छ । भारतीय नेपाली साहित्य अकादमीले यिनको एक पुस्तक **समाज दर्पण** (१९८२) प्रकाशित गरेको छ । यसै काव्यले १८९४ को अकादमी पुरस्कार प्राप्त गरेको देखिन्छ । यस निर्माणकालका अर्का कवि पदमप्रसाद ढुंगाना हुन् । यिनले पौराणिक विषयवस्तु र रामभक्ति मूलक सगुण भक्ति धारामा कलम चलाएका छन् । यिनले श्रीरामको जीवन चरित्रसँग सम्बन्धित विषयवस्तुमा आधारित भएर परिष्कारवादी भाव धारामा कविता सिर्जना गरेका छन् । यिनका **रामायण शिक्षा (पदम प्रकाश)** (१९३८), **कर्तव्य शिक्षा** (१९३७), **धनुष भंग**, **लक्ष्मण परशुराम संवाद** (१९३९), **रामायण सप्त रत्न** (१९४१) आदि उल्लेखनीय छन् । रत्न बहादुर कार्कीको **विवेक रत्नावली** (१९३७), हरिप्रसाद बाँसतोलाको **ज्ञानसागर** (१९३९), जगन्नाथ गुरागाईंको **नम्रनिवेदन** (१९४०), **गुणरत्नमाला** (१९४०), **समवेदना** (१९५२) आदि जस्ता काव्यकृतिले नीति तथा उपदेशमूलक सन्देश दिएको देखिन्छ ।

असमेली साहित्यको यस निर्माण कालका मूलभूत विशेषता हेर्दा सवाई शैलीको बढी प्रयोग वीर रस प्रधान, प्राकृतिक विनाशको वर्णन, नीति उपदेशमूलक विचारधाराको प्रवाह बढी भएको पाइन्छ । त्यस बेलासम्म पुरानै परिपाटिमा आदर्श भावधाराको प्रकटीकरण भएको देखिन्छ । काव्य शास्त्रहरूमा प्रश्नउत्तर शैलीको बढी प्रयोग भएको पाइन्छ । कवि

साहित्यकारहरूले नीतिवादी जीवनदर्शनको प्रयोग आफ्ना कृतिहरूमा बढी मात्रामा गरेको देखिन्छ । त्यसरी नै दार्शनिक चिन्तन र अभिव्यक्तिले पनि साहित्यमा उत्तिकै प्रभाव पारेको पाइन्छ । शिक्षाको विकासमा बढी ध्यान दिँदै आफ्ना काव्यहरूमा छोराछोरीहरूलाई शिक्षा दिनु पर्छ, शिक्षाले नै आकाशमा फलाम उडाउन सकिन्छ जस्ता अभिव्यक्ति पनि दिएको देखिन्छ । त्यस बेलाका काव्यहरूमा ईश्वरप्रतिको झुकाव बढी पाइएको छ । संस्कृत साहित्यबाट प्रभावित बन्दै काव्यतिर लागेका विद्वानहरूको नेपाली साहित्यमा पनि संस्कृतकै प्रभाव झल्किनु अर्को विशेषता हो । काव्य साहित्यमा पुरानो परिपाटीको विरोध पनि उत्तिकै भएको देखिन्छ । भाषाशैलीप्रति उति ध्यान नपुऱ्याई सामान्य भाषामा अभिव्यक्ति दिनु यस कालको अर्को विशेषता हो । जे जस्तो भए पनि छन्द, लय र शास्त्रीय लोक छन्दको प्रयोग यस कालका काव्यमा भएको पाइन्छ । यस चरणका काव्यहरूमा धेरथोर रूपमा राम भक्ति तथा कृष्ण गोपिनी प्रसङ्गमा श्रृंगारिक तथा रतिरागात्मक विषयलाई लिएर पनि अनेक फुटकर रचनाहरू लेखेका हुन् । यस चरणका काव्यमा मेलमिलापको भावना, सामाजिक जागरण कुसंस्कारको विरोध, निराकार ईश्वरीय रूपको चित्रण, अध्यात्मवाद र अद्वैत वेदान्त दर्शनको बढी प्रभाव परेको देखिन्छ ।

असमेली साहित्यको स्वाधीनता उत्तरकालको निर्माण कालको कवितामा देखिएका मूलभूत कवितात्मक प्रवृत्तिहरूलाई संक्षेपमा यसप्रकार बुँदाबद्ध गर्न सकिन्छ :

(१) सवाई काव्य शैलीद्वारा वीर युद्ध, प्राकृतिक विनाश र नीति उपदेशमूलक विचारधाराको प्रकटीकरण ।

(२) पुरानो काव्य शैलीमा आदर्श भावधाराको सिर्जना ।

(३) प्रश्न उत्तर भाषा शैलीको प्रयोग ।

(४) नैतिक चेतना र नीतिवादी जीवन दर्शनको प्रस्तुति ।

(५) दार्शनिक चेतना र अभिव्यक्ति ।

(६) शिक्षाको विकाशतर्फ उन्मुख विचार धाराको प्रकटीकरण ।

(७) ईश्वर चिन्तनप्रति झुकाव

(८) शास्त्रीय संस्कृत परम्पराको प्रभाव

(९) परम्पराप्रतिको विद्रोह र असन्तोष विचार धारा ।

(१०) सामान्य भाषिक कला

(११) छन्द, लय र शास्त्रीय लोक छन्दको प्रयोग ।

(१२) रामभक्तिका साथै केही रचनाहरूमा कृष्ण गोपिनी प्रसङ्गमा श्रृंगारिक तथा रतिराग युक्त विषयवस्तुको प्रस्तुति ।

(१३) विश्व बन्धुत्वको भावना

(१४) सामाजिक जागरण

(१५) कुसंस्कारको विरोध

(१६) आत्मा चैतन्य जस्तो निराकार रूपको चित्रण

(१७) अध्यात्मवाद एवं अद्वैत वेदान्त दर्शनको प्रभाव ।

(१८) नैतिक औपदेशिक आदर्शवादी चेतना र सुधारवादी सन्देश ।

यस चरणमा यी मुल प्रवृत्तिभित्र अन्य धेरै सहायक प्रवृत्तिहरू देखिन्छन् । मूल प्रवृत्तिभित्र समाहित हुन सक्ने यस्ता अन्य धेरै प्रवृत्तिहरूसमेतबाट असमेली कविताको स्वाधीनपूर्वको दोस्रो उपचरण निर्माण भएको छ ।

### ५.२.३ असमेली नेपाली कविताको स्वाधीनता उत्तरकाल (आधुनिक काल) (१९४७ – वर्तमानसम्म)

असमेली नेपाली कविताको स्वाधीनता उत्तर काल १९४७ देखि हालसम्मको ६ दशकको अवधि रहेको छ । १९४७, १५ अगस्तको दिन भारत स्वाधीन भएपछि भारतका तमाम अरू जनता सरह नेपालीहरूले पनि मानसिक एवम् भौतिक दृष्टिले स्वतन्त्रता प्राप्तिको अनुभव गरेको पाइन्छ ।

यस स्वाधीनता उत्तरकालमा जातीय जागरणका कविताहरू लेखिन थाले । यस कालमा जातीय अस्मिता, जातीय अस्तित्वका कविताहरू रचिन थालेको देखिन्छ । त्यसपछि क्रमशः असमेली नेपाली कवितामा केही रूपमा सामाजिक चेतनाको प्रभाव पर्न गएको छ । देहरादुन, सिक्किम र दार्जिलिङबाट भएको साहित्यिक विकासले असमलाई पनि प्रभाव पारेको देखिन्छ । त्यसरी नै असमभित्र भएको असमिया साहित्यको विकासले नेपाली साहित्यमा प्रभाव पारेको देखिन्छ । हिन्दी र बंगाली साहित्यका प्रभावमा नेपाली कवितामा पनि परिष्कारवादी शास्त्रीयतावादी धाराको विकास भएको पाइन्छ । यसका साथै असममा आरम्भ भएको नेपाली भाषा आन्दोलन (१९६८) र विदेशी बहिष्कार आन्दोलन आदिले जातीय अस्तित्वको सुरक्षामा प्रश्न चिन्ह खडा गरेको देखिन्छ । यस प्रकार असमेली नेपाली कविताको स्वाधीनता उत्तरकाललाई विषयवस्तु र प्रवृत्तिगत आधारमा पहिलो चरण जातीय जागरण, दोस्रो चरण नेपाली भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलन काल र तेस्रो चरण जातीय जागरणको उत्थान काल गरी तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(१) पहिलो चरण (१९४७ - १९७८) जातीय जागरण काल

(२) दोस्रो चरण (१९७९ - १९९२) भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलन ।

(३) तेस्रो चरण (१९९३ - हालसम्म) जातीय जागरणको उत्थान काल ।

यहाँ यी प्रत्येक चरणका वैशिष्ट्यलाई प्रस्तुत गरिएको छ ।

### ५.२.३.१ पहिलो चरण (१९४७ – १९७८) जातीय जागरण काल

असमेली नेपाली कविताको जातीय जागरण कालको समयावधि करिब तीन दशक रहेको देखिन्छ । यस चरणका केन्द्रीय कवि हरिभक्त कटुवाल हुन् । यो समय धेरै भारतीय सरह यहाँका नेपाली स्वतन्त्रता सेनानी  लगायत तमाम नेपालीहरूले आफूलाई स्वतन्त्रता बोध गरेको अवस्था हो । यस अघि अरू भारतीय सरह नेपाली कवि  साहित्यिकहरूले पनि अंग्रेजसितको डरका कारण साहित्यको रचना गर्ने अनुकूल   परिवेश नपाएको बोध हुन्छ । स्वतन्त्रता आन्दोलनले सबैको अवस्था त्रासमय गरिदिएको देखिन्छ । नेपाली साहित्यमा असमका साहित्यकारहरूको सृजना गर्ने आन्तरिक चाहना हुँदाहुँदै प्रकाशनको अभावले धेरै सर्जकहरू लुप्त भएका छन् । यसका साथै धेरै जसो सर्जकका सृजनाहरू पाण्डुलिपि अवस्थामै नष्ट भएर गएको पनि देखिन आएको छ । यस्तो अवस्थाका कारण धेरै स्तरीय कृतिहरू अप्रकाशित अवस्थामै लुप्त भएको पाइन्छ ।

असमेली नेपाली कवितामा नेपाली भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलन पूर्वको समय भनेको नै जातीय जागरणको काल हो । यस कालमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी जस्ता प्रवृत्तिहरू देखिन आएका छन् । यस धाराको केन्द्रीय कवि हरिभक्त कटुवाल (१९०५ - १९८०) हुन् । यस धाराको पूर्वार्द्धदेखि नै उदय भएका नित्यान्द तिमसिनाका कविताहरू यस धारासम्म चर्चित भएका छन् । यिनका कविताहरू परम्परा विरोधी विचार धारामा केन्द्रित देखिन्छन् । यस धाराका कवितामा स्वच्छन्दतावादी र प्रगतिवादी कविताको पनि प्रवेश भएको देखिन्छ । यिनले फुटकरदेखि महाकाव्य समस्तरीय काव्य कृतिहरू रचना गरेका छन् । यिनका **कलियुगी बृद्ध विवाहको महासङ्कल्प** (१९४७), दानवीर भीमबहादुर श्रेष्ठको **जीवन चरित्र** (१९५१), **मनुष्य वंशावली** (१९५३) प्रकाशित छन् । केही प्रकाशनको अभावले प्रकाशित हुन नसकेका यिनका काव्य तथा नाट्य कृतिहरू : दुर्गा सप्तशती (नाटक), शुम्भ निशुम्भ (नाटक), महिषासुरवध (नाटक), मनुष्य वंशावली (दोस्रो भाग) रहेका र उक्त नाटकहरू विहाली माझगाउँको थिएटरहलमा चालिसको दशकदेखि मञ्चन भएको देखिन्छ । त्यस समयमा यिनका अन्य प्रशस्त कविताहरू फुटकर रूपमा पनि प्रकाशित भएको पाइन्छ ।

महानन्द सापकोटाका प्रारम्भिक कवितामा सामाजिक शोषणका विरुद्ध उग्र स्वर उराल्ने क्रान्तिकारी र राष्ट्रवादी स्वर मुखरित भएको पाइन्छ । यिनका कविताहरू राष्ट्रियता, देशप्रेम, सामाजिक-सुधार, प्रकृति चित्रण, आध्यात्मिकता, समसामयिकता, वैयक्तिकता, मानवता, सामाजिक आर्थिक असमानता आदि विषयवस्तुमा आधारित छन् । यिनका कवितामा विसंगति, विकृति, रुढिवादको विरोधका साथै सामाजिक अन्ध परम्पराको विरोध र सामाजिक चेतनाको स्वर उरालेको पाइन्छ । १९५७ मा असमको शोणितपुरबाट प्रकाशित प्रभातको वर्ष २ अंक २ (२/१) मा यिनको कोसेली फुटकर कविता प्रकाशित भएको देखिन्छ

। यस समयका अर्का कवि गोकुलप्रसाद जोशी (वि.सं. १९८७ - वि.सं. २०१८) का प्रारम्भिक कवितामा प्रगतिवादी चेतना रहेको देखिन्छ । प्रगतिशील विचारका जोशीले जनताका दुःख कष्ट, गरिबका व्यथा र कथा लेखेको देखिन्छ । यिनका एसियाको **फुलवारी नेपाल** (वि.सं. २०१२) **डा. के.आइ. सिंहलाई नेपाल आउन देउ**, **नवप्रभात** (वि.सं. २०१२), **सीमानाको द्वीप**, (वि.स. २०१५), **बाँच र बाँच्न देउ** (१९५६) जस्ता कृतिहरू प्रकाशित देखिन्छन् । सीमानाको द्वीप जोशीको छैठौं र अन्तिम कृति हो । यिनका कवितामा भविष्यप्रति आस्थाको दृष्टि, समाजप्रति भरोसा, शोषित पीडितप्रति सद्भावना, नारीप्रति जागरुक हुने आहवान, गोर्खा भर्ती केन्द्रको विरोध, शहीदको वलिदानको मूल्याङ्कन जस्ता भाव विचारहरू व्यक्त भएका छन् । चूडामणि उपाध्याय ढकालको **ज्ञानोदय** (काव्य दर्शन), **त्रिवेणी** (खण्डकाव्य), १९५६ तिर वैदिक धर्म प्रचारिणी समिति, टुपिया (शोणितपुर) ले प्रकाश गरेको पाइएको छ ।

जस सुब्बा यस चरणका एकजना कवि र गीतकार हुन् । यिनका कविता गोर्खा संसारमा फेला पर्छन् । पत्रावली शैलीमा लेखिएको उनको रेखा चित्रण **अतृप्त** सानो पुस्तिका आकारमा १९५८ तिर प्रकाशित भएको छ । अग्निबहादुर क्षेत्री, टंक भट्टराई, मोहन भट्टराई, हरिश पुरिका कविता पनि पचासको दशकका पत्र-पत्रिकामा फेला पर्छन । हरिश पुरिका कविता काठमाडौंबाट निस्कने **रूपरेखामा** (१९५८) फेला पर्छन् (क्षत्री, २०१७) । यस चरणमा चूडामुनि शास्त्रीको **विश्वोद्धारक सन्मार्ग रक्षा** (१९५४), र प्रेमसिंह सुवेदीको **तीजको मैदानमा बहिनीको आँसु** (१९५५) जस्ता कविता संग्रहहरू समस्या पूर्तिका लागि त्यस बेला असम आएका धर्मराज थापाबाट प्रभावित बन्दै लेखिएका देखिन्छन् । यसैताका गुरुभक्त जैसी उपाध्याय, श्याम लिवाङ आशालाग्दा कवि भएको जानकारी प्राप्त छ । साठीकै दशकमा लेखिएका गुरुभक्त जैसीका केही गीतहरू **मेरा पीर मेरा गीत** (१९८८), प्रकाशित भएको छ (क्षत्री, २००३) । यस धाराका केन्द्रीय कवि हरिभक्त कटुवालका **सम्झना** (१९५८), **भित्रिमान्छे बोल्न खोज्छ** (१९६२), **सुधा** (१९६५), **यो जिन्दगी खै के जिन्दगी** (१९७२), बदनाम मेरा यी आँखाहरू (१९८७) जस्ता काव्य कृतिहरू प्रकाशित छन् । यिनका काव्य कृतिहरू प्रगीतात्मक संरचनाका ढाँचामा संरचित छन् । गीतबाट आरम्भ गरेको काव्ययात्राले प्रगीतात्मक कविता र खण्डकाव्य, नाटक, कथासम्मको लेखन प्रस्तुत गरेको पाइन्छ । यिनका कवितामा मानवीय जीवनका विसंगत क्षणको मार्मिक प्रस्तुति पाइन्छ । यिनका कवितामा प्रकृतिप्रेम, मानव प्रेम, जाति प्रेम, मानवतावाद र मानवीय पीडाको जीवन्त प्रस्तुति पाइन्छ । कटुवाल पछि आउने कवि शिवराज बरालको **आचार मञ्जरी** (१९५९), पदम ढकालको (सम्पा.) **तीन तारा**, विरही सुब्बाको **अतृप्त खण्ड काव्य** (१९६०), प्रकाशित छन् । के.बी. नेपालीका **नव अश्रु** (खण्डकाव्य (१९६०), **विरही** (१९६५) मनबहादुर पौडयालको **हिताहित ज्ञान कमल** (१९६१), हरिप्रसाद शर्मा खनालको **आँशुका थोपा** (१९६२),

**तिम्रो यादमा** (१९६४), **शेषजीवनमा** (१९६७) , सदानन्द शर्माको **मनको प्रकाश** (१९६५) भवानी शंकर उपाध्यायको **शिवगीता** (१९६५), कविराज शास्त्रीको **कर्तव्य कर्मपुकार**, प्रेमनारायण पोखरेलको **कलिकालको आवाज**, कुलबहादुर क्षेत्री बुढाथोकीको **चिन्तनमाला** (१९६५), चोक बहादुर थापाको **हृदयको उद्‌गार** (१९६६), पुष्पलाल उपाध्यायको **पुष्पाञ्जली** (१९६८), टिकाराम उपाध्याय निर्भीकको **श्रद्धाञ्जली** (१९६८), **चम्पा** (१९७३), **जिन्सी** (खण्डकाव्य, १९७७), **कल्पना** (१९७७) **राग अनुराग** (गीत संग्रह, १९७३) महाराज वसन्त गिरीको **वसन्त मञ्जरी** (१९६९), यज्ञप्रसाद सुवेदीको **कल्पना** (भाग एक) **कल्पना** (भाग दुई) १९६९), दिल सहानीको **नौलो माटो चाहिएको छ** (१९७०), प्रेमलाल जोशीको **कलिकालको आवाज** (१९७२), भूपेन निषादको **अनुभूति यी मेरा** (१९७७), तुलबहादुर मालेमाको **चेतना** (खण्डकाव्य, १९७२), डी.टी. जिम्बाको **तथागत** (१९७२), मनबहादुर थापाको **नौलो मान्छे जन्मदै छ** (१९७८) आदि काव्यहरू यस चरणमा प्रकाशित भएका छन् ।

माथि चर्चा गरिएका र आफ्नो कृति प्रकाशित गरिसकेका कविहरूका अतिरिक्त साठीको दशकमा पत्रपत्रिकाबाट आफ्नो परिचय दिने कविहरूमा लोकनाथ उपाध्याय चापागाईको मेरो इच्छा (**प्रगति**, ४/४-५ १९६४), सुनौलो प्रभात (**प्रगति**, ४/११-१२, १९६५), पदम ढकालको म एक सैनिक हुँ (**प्रगति,** ४/११-१२, १९६५), हे वीर सेनानी (**प्रगति**, ४/२-३, १९६४) हे चिर प्रहरी (**प्रगति**, ३/८-९, १९६३), दुर्गा घिमिरेको आँधी (**प्रगति**, २/७, १९६२) प्रसादको चीनिया दैत्य (**प्रगति**, ४/१, १९६४), गोकुल सिन्हाको रणघोष : दुई आवाज (**प्रगति**, ३/५, १९६३), के.बी. नेपालीको होली मनाउँछौ आज रगतको (**प्रगति**, ३/५, १९६३) जगदीश थापाको जाँदैछु (**प्रगति,** ३/३ १९६३) प्रकाशित छन् । त्यसैगरी सत्तरीको दशकमा पत्रिकामा कलम चलाउने कवि धर्म विनय अंशुको त्यो साँझ (प्रगति १/१, १९७२), नेत्रबहादुर ढुंगानाको दुर्दशा (प्रगति १/१, १९७२), काशीनाथ निरौलाको मनोकामना (**आँखा**, १/२, १९७२), मधु रिजालको ? (प्रश्नचिन्ह) प्रकाशित छन् । पहिलो संगालो (१९७२) मा देखापरेका कवि र फुटकर कविताहरूमा झण्डि घिमिरेको म विवश छु, गुरूप्रसाद उपाध्यायको अन्धकारको फूल, दिलीप सुब्बाको फलेदीको फूल आदि छन् । **आँखा** पत्रिकाको १९७३ दोस्रो संगालोमा देखापरेका कविहरूमा झण्डि घिमिरेको म रंगमा भुलिएको पथिक हुँ, श्यामलिवाङको एक गीत, रूपनारायण पाठकको उठ जाग, काशीनाथ निरौलाको मनोकामना, ज्ञान क्षेत्रीको बसन्त कविताहरू प्रकाशित भएको पाइन्छ ।

उपर्युक्त कविता संग्रह र पत्रपत्रिकामा प्रकाशित कविताहरूमा सांस्कृतिक पुनर्जागरणवादी परिष्कारवादी, स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्तिहरू देखिन्छन् । यसका साथै एकाध कविहरूले प्रयोगवाद तर्फ पनि कलम चलाएको पाइन्छ । पत्रपत्रिकामा कविता प्रकाश गर्ने कविहरूमध्ये श्याम लिवाङले आयामिक लेखन परिपाटी अँगालेको देखिन्छ ।

यस स्वाधीनोत्तर कालको पहिलो चरण जातीय जागरणका मूलभूत विशेषताहरू हेर्दा यस प्रकार देखिन्छन् :

यस चरणदेखि नै संस्कृति संरक्षण र सांस्कृतिक पुनर्जागरणलाई समर्थन गर्ने प्रकारका काव्यहरू देखिन थाल्छन् । प्रकृतिलाई मूलभूत रूपमा काव्यको विषयवस्तु बनाएर काव्यको रचना गरिएको छ । मानवीय संवेदना यसकालमा बढी चर्चामा आएको छ । मानवीय प्रेम, मानवप्रतिको सहानुभूति काव्यमा आएको छ । बढी रूपमा विसंगति भावधारा र विकृतिप्रति विरोध पनि उत्तिकै भएको पाइन्छ । समाजका कुसंस्कारहरूप्रति व्यंग्य र जातिप्रति आइपरेका संकटावस्थाप्रति केन्द्रित हुँदै विद्रोहात्मक प्रस्तुति पनि यस उपचरणका कवितामा पाइने विशेषता हो । अघिल्लो चरण निर्माण कालको भन्दा यस चरणमा परम्परितका साथै नवीन विम्बहरूको प्रयोग भएको पाइन्छ । यसै चरणदेखि स्वच्छन्दतावादी प्रगतिवादी भाव धाराको विकास भएको छ । प्रगतिवादी विचारधाराको प्रस्तुति भए पनि बढी विद्रोहात्मक नभएर शान्ति कामी मनोभावको प्रकटीकरण भएको पाइन्छ तर अन्याय अत्याचार र शोषणको विरोधको स्वर पनि व्यक्त भएको पाइन्छ । व्यंग्य कविता लेख्ने कविहरूले भने व्यंग्यात्मक विद्रोह आफ्ना काव्यमा गरेको देखिन्छ । यस चरणका कविताहरूमा आशावादी स्वरका साथै जीवनवादी भावधाराको प्रकटीकरण गरेको पाइन्छ । छन्दात्मक काव्यशैलीको प्रयोग उत्तिकै भैरहेको पाइन्छ । अघिल्लो चरणभन्दा भाव र शैलीमा परिमार्जन भएको र केही गुणस्तरीय काव्यहरूको सृजना भएको देखिन्छ ।

असमेली नेपाली साहित्यको स्वाधीनता उत्तर कालको यस पहिलो चरण जातीय जागरणको कालमा देखापरेका प्रमुख प्रवृत्ति र विशेषताहरूलाई अति संक्षिप्त रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(१) सांस्कृतिक पुनर्जागरण

(२) प्रकृतिप्रेम

(३) अन्याय, अत्याचार, शोषण जस्ता विसङ्गतिप्रति व्यङ्ग्यात्मक विद्रोह

(४) मानवीय संवेदन र शान्तिको कामना

(५) क्रान्तिकारी स्वच्छन्दताको अभिव्यक्ति

(६) बिम्ब प्रयोगमा देखिने परम्परित र नवीन प्रयोग

(७) कविताको लय, ढाँचा र भावको संयोजन

(८) आशावादी जीवन दृष्टि

### ५.२.३.२ दोस्रो चरण (१९७९-१९९२) भाषा आन्दोलन तथा विदेशी बहिष्कार आन्दोलन काल

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलनको वर्चस्व रहेको समय भनेको १९७९ यताको समय हो । यस

चरणसम्म आइपुग्दा १९५६ मा सुरु भएको नेपाली भाषा मान्यता सम्बन्धी आन्दोलन प्रायः अन्तिम चरणमा पुगिसकेको देखिन्छ । १९७९ मा सिक्किममा नरबहादुर भण्डारी भारतका प्रथम नेपाली मुख्यमन्त्री चुनिएकाले भाषा आन्दोलनमा एउटा आशाको उदय भएको देखिन्छ । यसपछिका दिनहरूमा पनि अझै दश एघार वर्षको लडाइँपछि मात्र १९९० को २० अगस्तका दिन मात्र भाषाले मान्यता पाउन सफल भएको देखिन्छ । यसप्रकार असममा भएको दोस्रो आन्दोलन हो जातीयतावादी आन्दोलन । यस आन्दोलनलाई विदेशी बहिष्कार आन्दोलन भनेर जानिन्छ । विदेशी आन्दोलनमा बिहारी, मुस्लिम, नेपाली, बंगाली, मारवाडीहरू आतंकित भएको देखिन्छ । आन्दोलनकारीहरूले असीको दशकमा उक्त जातिहरूको बासस्थानमा आगो लगाएर, घर भत्काइदिएर अमानुसिक अत्याचार गरेको देखिन्छ । त्यस बेला प्रशासनले पनि सम्हाल्न नसक्ने स्थितिको सृजना भएको देखिन्छ । यो विदेशी बहिष्कार आन्दोलन बिस्तारै असम लगायत भारतको पूर्वाञ्चल क्षेत्र मणिपुर, नागाल्याण्ड अरूणाचल प्रदेश र त्रिपुरासम्म फैलिएको देखिन्छ । यस आन्दोलनले पूर्वाञ्चल क्षेत्रमा विशेष गरी एउटा आतंकित परिवेशको सृष्टि गरेको पाइन्छ । त्यस बेला असम र मेघालयमा विदेशीको निहुँमा भारतीय अल्प संख्यकहरू माथि गरिएको अमानुसिक हिंसात्मक घटना र अत्याचारहरू भएकाले सरकारले यो क्षेत्रहरूलाई उपद्रव अञ्चल भनेर घोषणा गरेको पाइन्छ । त्यसले केवल नेपालीहरूका निम्ति सीमा पार गर्दा परमिटको व्यवस्था लागु गरिएको जानकारी प्राप्त छ । स्वाधीनता उत्तर कालको यो दोस्रो चरणमा नेपाली भाषा आन्दोलन चरममा पुगेको देखिन्छ । यही समयदेखि (१९७९) विदेशी बहिष्कार आन्दोलनको आरम्भ भएको छ । यस चरणमा एउटा आन्दोलनको चरमसीमा र अर्को आन्दोलनको प्रारम्भ भएको छ । यस स्थितिमा नेपालीहरूको मनस्थिति कुन अवस्थाबाट गुज्रिदै थियो भन्ने विचारधारा यही चरणका कविताहरूबाट थाहा पाउन सकिन्छ । भाषा मागको कठोर अवस्थाबाट गुज्रिरहेको समयमा भाषा पाउन त कता हो कता उल्टै विदेशीको आरोपमा मुछिनु परेको अवस्था यस चरणका कविताहरूले देखाएका छन् । १९८० को विदेशी आन्दोलनमा असममा सबै जिल्लाका नेपालीहरू प्रभावित भएको पाइन्छ । यस आन्दोलनमा नेपालीका जम्मा २१२ घर आगलागि भएका थिए । २ मे १९८३ मा राज्य सभामा श्रम दप्तरमा राज्यिक मन्त्री श्री धरमवीरले सदनमा उत्थापन गरेको वक्तव्यमा असममा निर्वाचन हुने अघि १७७४ जनाको मृत्यु भएको छ । ३ लाख ७१ हजार ३२० जना मानिस गृहहीन भएका छन्, १५१८ काठका पुल, १०७ वटा स्कूल, १३८ वटा सामाजिक गृह, ४३००० घर ध्वंस भएको जानकारी प्राप्त छ (उपाध्याय, १९८३ : २१) ।

यस प्रकार अरू जाति लगायत नेपालीहरू माथि पनि विदेशीको आरोप लागेकोले धेरै नेपाली साहित्यिक संस्थाहरू, पत्रपत्रिका र कवि साहित्यिकहरूले आफ्नो आक्रोश यस चरणका कवितामा पोखेको पाइन्छ । यस चरणमा धेरै प्रगतिवादी भावधारामा कविताहरू

लेखिएका छन् । यस चरणका केन्द्रीय कवि हुन् युद्धवीर राणा । यिनले कविता, निबन्ध, नाटक, समालोचना आदि विधामा कलम चलाएका छन् । यिनले **चिहान नपाएका तक्माहरू** (१९८१, लामो कविता) जस्तो उत्कृष्ट कविताको सृजना यसै चरणको प्रारम्भिक अवस्थामै गरेका छन् । उनले नेपाली जातिमाथि लगाइएको विदेशीको आरोपलाई खण्डन गर्दै, नेपाली कसैको भुकाइ र थुकाइलाई सहने लुरेजात नभएर एउटा वीरत्व सम्पन्न जात भएको प्रमाण दिएको देखिन्छ । यिनले **मानव यात्रा** (२००२), **महामानव**, **नेपाली संस्कृति हाम्रो अस्तित्व** (२००२), **नयाँ पिढीलाई** (अनुवाद, २००८), कृतिको रचना गरेका छन् । विदेशी बहिष्कार आन्दोलनको टड्कारो प्रतिच्छायाँ यिनका फुटकर कविता लगायत चिहान नपाएका तक्माहरू (लामो कविता) मा देख्न पाइन्छ ।

यसै चरणमा गुवाहाटीबाट अविनाश श्रेष्ठको नेतृत्वमा कोलाज आन्दोलनको प्रारम्भ भएको देखिन्छ । कवितामा कोलाज प्रयोग सन् १९७६ मा थाल्ने श्रेष्ठद्वारा १९८० को पूवार्द्धमा यो आन्दोलनलाई साहित्यिक आन्दोलन भनेर घोषणा गरियो । कोलाज आन्दोलन नेपाली साहित्यमा मौलिकताको खोजिको निम्ति गरिएको प्रयोगवादी आन्दोलन थियो तापनि यसले पूर्वाञ्चल भारतको काव्यको प्रगतिमा केही अवदान पुऱ्याएको देखिन्छ । यस चरणमा पौराणिक परिपाटीमा कविता लेख्ने कवि छविलाल उपाध्याय दाहालको **बौद्ध चरित्र** (१९८०) **संग्रह मञ्जरी** (१९८२) **कलंक रश्मि** (१९८२) प्रकाशित देखिन्छन् । शिवशास्त्रीको **खागो** (१९८२) प्रकाशित देखिन्छ । यिनका कवितामा विसंगति बोध पाइन्छ ।

यस चरणमा कविता लेख्ने कविहरूमा नवसापकोटा नेपाली साहित्य परिषद् असमका अध्यक्ष (१९७३ - ८२), रहेको देखिन्छ । यिनका **युक्लिप्टस आउने पिढीलाई आशीर्वाद** (१९८०), **काव्यान्तर** (१९९६), **मदिरा होइन मेरो पसिना** (२००८), **वेदान्तवाणी** (१९९९) आदि कृतिहरू प्रकाशित देखिन्छन् । त्यस्तै अविनाश श्रेष्ठका **संवेदना ओ सम्वेदना** (१९८१), **परेवा सेता काला** (१९८४), **अनुभूति यात्रामा** (१९९०), **काठमाडौं हेर्नुस यस सहरलाई** (१९९७), **करोडौं सूर्यहरूको अन्धकार** (२००३) कृतिहरू प्रकाशित देखिन्छन् । यसका साथै उनका थुप्रै कथा, नाटक, लघु उपन्यास विशेष उल्लेखनीय रहेका छन् । त्यस्तै डिल्लीप्रसाद शर्माको **रगतको मसि** (१९८२), तुलबहादुर मालेमाका **बलिदानको प्रतियोगितामा लम्केका पाइलाहरू** (१९८३), **चम्पा** (खण्डकाव्य, १९७२) जस्ता कविता कृति पनि विशेष उल्लेख्य रहेका छन् । त्यस्तै यस चरणमा प्रकाशित के.बी. नेपालीका **अनुराग** (गीत संग्रह १९८३), **प्लेटफार्म** (१९८४), **भोक मृत्यु संघर्ष** (कथा, १९९१) र उपन्यास पनि प्रकाशित भएका छन् । त्यस्तै कुलबहादुर छेत्रीको **गीतमञ्जरी** (१९८३), **चिन्तन माला, आदर्शमाला**, (असमिया), **भक्ति दर्शन**, **दयाल ठाकुर जीवनी**, **प्रार्थना भक्ति गीत** (हिन्दी) आदि कृतिका साथै थुप्रै गीत कविता रेडियोबाट पनि प्रसार भएका छन् । उनी असमका पहिलो केविनेट मन्त्री (१९८९) पनि बनेका छन् । असीको दशकमा कलम चलाउने कवि भविलाल लामिछानेका **अनागत** (१९८३), **शब्द हुन यी मेरा** (१९९६), **असमाप्त**

**पाइलाहरू** (२००१), **शीर्षकहीन** (२००३) **मुक्तक संग्रह**, **एउटा घर यस्तो** (२००६), **बादल पारिको देश** (२००६), भविलाल लामिछानेका **दुईटा नज्म केही गजल** (२००७) गजल संग्रह प्रकाशित भएका छन् । यस्तै गीत तथा भ्याउरे छन्द कविताबाट आफ्नो कव्य यात्राको प्रारम्भ गर्ने कवि दुर्गाप्रसाद घिमिरेका **ढुकढुकी** (१९८३) **शतभिषा** (१९९३), **शान्तिको खोजिमा** (२००७) प्रकाशित भएका छन् । यसका साथै केही निबन्ध समालोचनाहरू कृतिहरू पनि प्रकाशित भएका छन् । त्यस्तै तुङ्गनाथ नेपालको **यहाँ यस्तै छ** (१९८३), **माधुरी** (१९८९, गीत सङ्ग्रह), रणबहादुर छेत्रीको **कविता संकलन** र **शहिद दर्पण** (१९८६), तेजुराम बस्नेतको **गीत होइनन् यी** (१९८८), बालकृष्ण उपाध्यायको **कोलाज** (१९८६), प्रेमसिंह सुवेदीको **१६ मिनेट** (१९८६), दामोदर ढकालको **अँध्यारो उज्यालो** (१९८५), खेमलाल पोखरेलको **विश्वशान्ति** (१९८६), गुरुभक्त धितालको **मेरा पीर/मेरा गीत** (१९८८, गीत सङ्ग्रह), रण बहादुर क्षेत्रीको **नौला गीत : नयाँ कविता** (१९८६), चन्द्रकला नेवारको **चक्रव्यूह** (१९८८), गोमा शर्माको **केवल तिम्रो निम्ति** (१९८६), **तिम्रो प्रेरणाले** (१९८६), खड्गबहादुर कौशिकको **गिनी पीग** (१९८६), **औंसीका रातहरू पूर्णिमाका रातहरू** (१९९२), पुष्पलाल उपाध्यायको **उषामञ्जरी** (१९८७), गोपाल बहादुर नेपालीको **विश्व बोध** (१९८७), राजासिंह लिम्बूको **पाखे** (१९८७) चोक बहादुर थापाको **एउटा नयाँ बिहानको प्रतीक्षामा** (१९८८), **साक्षी तिमी छौ ब्रह्मपुत्र** (१९८८), लोकनाथ उपाध्याय चापागाईको **विवर्तन** (खण्डकाव्य, १९९०), **अन्तराल** (१९९१), छविलाल उपाध्यायको **पवनदूत** (खण्डकाव्य १९९०), **अस्तित्वबोध** (खण्डकाव्य), दिलबहादुर नेवारको **इन्द्रेणी** (१९९१), इन्द्र भट्टराईको **यहाँका ढुंगा र माटोले भन्छ** (गीत संग्रह १९९१), तुङगनाथ उपाध्यायको **माधुरी** (१९९१), रमेश दवाडीको **टाउको खोज्दै** (१९९२), इन्द्रकान्त कार्कीको **अभिव्यक्ति** (१९९२), देवराज आचार्यको **ब्रह्मकुण्ड र पर्शुराम महात्म्य** (पद्याख्यान (१९९२), हस्त सुब्बाको **कविता कुञ्ज** (१९९२) आदि कृतिहरू यस चरणमा प्रकाशित भएका छन् । उक्त संग्रहका साथै यस चरणमा देखापरेको संयुक्त संकलन हाम्रा पोखिएका भावनाहरू (१९८१), यस संयुक्त संकलनमा १२ वटा कविता प्रकाशित भएका छन् । इन्द्रकान्त शर्मा, तुलबहादुर मालेमा, भवानी शर्माका साथै पत्रपत्रिकाका माध्यमबाट यस चरणमा देखापरेका कविहरूमा **परिषद् पत्र** अङ्क १/१९८४ मा अविनाश श्रेष्ठ, होमबहादुर श्रेष्ठ, मीन लिवाङ, हरिप्रसाद शर्मा, भवानी शंकर उपाध्याय, गीतकारहरूमा शान्ति थापा, मैना थापा, कुलबहादुर क्षेत्री, बालकृष्ण उपाध्याय आदि देखापर्छन् । त्यसरी नै **परिषद् पत्र** अंक २/१९८६ मा देखापरेका कविहरूमा नव सापकोटा, भूपेन निषाद, चोकबहादुर थापा आदि रहेका छन् । **नयाँ दिगन्त** (१/१, १९८०) मा खड्गबहादुर क्षेत्री, उमाकान्त न्यौपाने र हाम्रो ध्वनि ६।३।४, १९८०) भित्रका कविहरूमा देवी अधिकारीको क्रान्तिको बाटो चाहिएको छ (५/१४), नारायण घिमिरेको अस्तित्वको खोजीमा (**नयाँ दिगन्त**, १/१, १९८०) कवितामा अस्तित्वको खोज गर्दै मानवतावादी स्वर उरालेको पाइन्छ ।

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको दोस्रो चरण विदेशी बहिष्कार र भाषा आन्दोलन कालको मूलभूत विशेषतालाई हेर्दा त्यस समयावधिमा जातीय जागरणका कविताहरू पनि केही मात्रामा लेखिएका छन् । यस अवधिका कवितामा पनि प्रायः पहिलो अवधिकै कतिपय प्रवृत्तिहरू पाइन्छन् भने कतिपय नवीन प्रवृत्तिहरू पनि देखापरेका छन् । यस अवधिका प्रारम्भिक केही कवितामा भाषा माग र नेपाली माथि विदेशीको आरोप लगाइएकोमा अत्यन्तै आक्रोश व्यक्त गरिएको पाइन्छ । त्यसपछिका कवितामा आफ्नो विलोप भएको अस्तित्वको खोजी र विदेशी बहिष्कारका नाममा नेपालीहरू माथि गरिएको अन्याय अत्याचार, अनेकौं दुष्प्रवृत्तिको चित्रण, राजनैतिक अस्थिरता, भय, आशंका, आदिको अभिव्यक्ति पाइन्छ । यस चरणमा भएको राजनैतिक उतार चढावले असमका अरू जातजाति सरह नेपालीहरू पनि प्रभावित बनेका छन् । राजनैतिक संकटावस्था र अस्थिरताले प्रभावित बन्दै युग सुहाउँदा कविता लेखिएको पाइन्छ । मानवीय मूल्य संकटमा परेकाले मानव मूल्यको खोज गर्नु जस्तो विशेषता यस चरणमा आउँछन् । अघिल्लो चरण जातीय जागरण काल भन्दा यस चरणका काव्यहरूमा तुलनात्मक रूपमा बढी विद्रोहात्मक प्रस्तुति भएको पाइन्छ । मानवीय मूल्य हराएको र विकृति र विसंगति जस्ता अवस्थाको सृजना भएको त्यस्तै प्रकारका काव्यहरूको रचना भएको छ । जातिप्रति, भाषाप्रति, आइपरेको संकटले गर्दा जाति एवं देशको मायालाई जताउँदै काव्यको सृजना बढी भएको पाइन्छ । यस कालमा अन्याय र भ्रष्टाचारको कडा विरोध गरिएको छ । नेपालीहरूमाथि आइपरेका संकट कालीन अवस्थाको चित्रण र भाषाप्रति बढी सजग बन्दै भाषा प्रेम, जातिप्रेममूलक काव्यको सृजना बढी भएको पाइन्छ । जातीय अस्तित्वप्रति सजग भएको अवस्था छ । अघिल्लो चरणमा भन्दा यस चरणमा प्रगतिवादी स्वर प्रमुख रूपमा प्रकटिएको छ । यसै कालमा मानव अधिकारवादी चेतनाको विकास भएको छ । पटक पटक पाइएका ठक्कर र हेपाइले गर्दा युगीन विसंगतिप्रति व्यंग्य गरिएको छ । एउटै समाजमा कसैलाई काख कसैलाई पाखा गरेकोमा सामाजिक असमानताको सृष्टि भएको छ । यस चरणमा जाति र भाषाप्रतिको मोह चरम चुलिमा पुगेको छ । शोषित वर्गप्रति अगाध स्नेह देखाइएको छ । समसामयिक जीवनको चित्रणका साथै भाषा र साहित्यको विकासलाई ध्यानमा राख्दै साहित्यिक आन्दोलनहरूको पनि विकास भएको छ । यिनै राजनैतिक विकृति र विसङ्गतिले उब्जाएका युगीन असन्तुष्टि, कुण्ठा र निराशा, यस अवधिका कवितामा अभिव्यक्त भएका विशेषता हुन् । यस स्वाधीनता उत्तरकालको दोस्रो चरण भाषा आन्दोलन र विदेशी वहिस्कार आन्दोलन कालका प्रमुख प्रवृत्ति र विशेषतालाई अति संक्षिप्त रूपमा यसरी देखाउन सकिन्छ :

(१) राजनीतिक अस्थिरता र युगीन अवस्थाको चित्रण

(२) मानव मूल्यको क्षय र पुनः स्थापनाको खोजी

(३) विकृतिप्रतिको विद्रोह र शोषणबाट मुक्तिको चाहना

(४) जाति, भाषा र संस्कृतिको उत्थानको प्रयत्न

(५) भारतीय शासन व्यवस्थामा आएको संकटकालको चित्रण

(६) मानवीय अस्तित्व र मानवतावादी चेतनाको अभिव्यक्ति

(७) वर्गीय विषमताको विरोध र वर्गीय पक्ष धरता

(८) कविताका माध्यमबाट भाषा, जाति, देशप्रेमको अभिव्यञ्जना

### ५.२.३.३ स्वाधीनता उत्तरकालको तेस्रो चरण (१९९३–२०१२) : जातीय जागरणको उत्थानकाल

असमेली नेपाली कविताको स्वाधीनता उत्तरकालको तेस्रो चरण जातीय जागरणको उत्थानकालको समय पुगनपुग दुई दशक रहेको छ । यस धारासम्म आइपुग्दा नेपालीहरूमाथि आइपरेका भाषा माग समस्या र विदेशी आरोपको समस्या बिस्तारै सेलाउँदै गएको पाइन्छ । असमका आन्दोलनकारी ए.जी.पी. (असम गण परिषद्) ले नयाँ सरकार गठन गरे (१९८५) पश्चात् केन्द्रीय सरकार र गणपरिषद् बिच एउटा चुक्ति रूपायन हुन्छ । त्यस चुक्ति बमोजिम १९७१ अघि असम पसेका नेपालीहरूले असममा स्वदेशी सरह बस्न पाउने र १९७१ पछि असममा पसेका नेपालीहरू विदेशी सरह देश छोड्नु पर्ने चुक्ति भएपछि यो आन्दोलन स्वत निष्क्रिय बन्दै जान्छ ।

यस चरणसम्म आइपुग्दा असमेली नेपाली कविताको विदेशी बहिष्कार र भाषा आन्दोलनका अतिशय आक्रोश, जातीयतावादी मनोभाव, विद्रोहात्मक भावना, व्यंग्यात्मक लेखन, अनियन्त्रित उन्मुक्त आवेगिक सिर्जनाहरू शिथिल हुन थालेको पाइन्छ । अघिल्लो चरणमा उक्त प्रवृत्ति अँगाल्ने कविहरूको यस चरणसम्म आइपुग्दा चेतना र भावनामा पनि परिवर्तन आउन थालेको पाइन्छ । यस जातीय जागरणको उत्थान काललाई समृद्धि तुल्याउने कविहरूमा भविलाल लामिछाने, होमबहादुर क्षेत्री, दुर्गा घिमिरे, छविलाल, उपाध्याय, नवसापकोटा, के.बी. नेपाली, मैना थापा आशा, पुष्पघर शर्मा, गोविन्द शाण्डिल्य, कुलप्रसाद शर्मा, गोपाल बहादुर नेपालीका कविताले एउटा गोरेटो निर्माण गरेको छ ।

स्वाधीनता उत्तर जातीय जागरणको उत्थान कालका कविता कृतिहरू प्रकाशनको कालक्रमिकताका आधारमा दुर्गा घिमिरेको **शतभिषा** (१९९३), खेमराज नेपालको **मेरो देश हिजो आज र भोलि** (१९९३), होमबहादुर क्षेत्रीको **आकारहीन** (१९९३), **पर्खौं हामी** (२००५) **डुलुवाको डायरीबाट** (२००७) **सूर्य निभ्दैछ** (२००८), **मृगतृष्णाको नदी** (२००८), कृष्णप्रसाद भट्टराईको **बन्दिकारागारमा यो जिन्दगी** (१९९३), **किन फेरि अर्को कुरुक्षेत्र** (१९९६), छविलाल उपाध्यायको **कामरूपा** (१९९४) **छविकविता संग्रह** (२०००), **देवकोटा महाकाव्य** (२००२) **कवि र कविता** (२००८), चोकबहादुर थापाको **हृदयको उदगार** (१९९५), के.बी. नेपालीको

**भत्केको घर** (१६६५) मैना थापा आशाको **कस्तुरी** (२०००), **रजनी गन्धा** (१९९५) कमल बगालेको **मेरो युद्ध भोलिका लागि** (१९९५), गोविन्द शाण्डिल्यको **पूर्वारुण** (हाइकु सँगालो १९९७), **मेरो मुटुमा मेरो देश** (२००२), गोपाल बहादुरको नेपालीको **एकमुठी जीवन खोज्दै** (१९९७), पुष्पधर शर्माको **हाम्रो धुकधुकी जराहरू** (१९९६), नवसापकोटाको **काव्यान्तर** (१९९८), **मदिरा होइन मेरो पसिना** (२००८), पूर्ण क्षेत्रीको **सूर्योदय हुनुभन्दा अघि** (खण्डकाव्य १९९७), विष्णु शर्मा गौतमको **दूध रगत र आँशु** (१९९५), किरण राईको **आत्म सम्मोहन र घाइते शब्दहरू** (१९९६), लालुप्रसाद उपाध्यायको **विस्मृतिका कविताहरू** (१९९८), **ओझेलमा परेका कविता** (२००९), कृष्णबहादुर रावतको **तारा नरोएको रात छैन** (१९९९), बद्री गुरागाईंको **गीतायन** (१९९९) आदि प्रकाशित छन् । त्यसरी नै २००० यता कृष्णप्रसाद ज्ञवालीको **कृष्णप्रसाद ज्ञवालीका कविताहरू** (२०००), नारायण प्रधानको **यसै ब्रह्मपुत्रको बगरमा** (२०००), होमनाथ सुवेदीको **नवोदित सूर्य** (२०००), रामप्रसाद दाहालको लच्किएको **अनुभव** (२००१), हरि गजुरेलको **शब्द बटुल्दै** (२००१) रमेश दवाडीको **टाउको खोज्दै** (२००१), जयन्त कृष्ण शर्माको **सदनको मझेरीमा माटाको बास्ना** (२००१), बालकृष्ण उपाध्यायको **पञ्चामृत** (२००१), विद्यापति दाहालको **काम्य** (२००१), **आमा** (काव्य, २००४), **उषाहरण** (महाकाव्य, २००४) प्रकाशित भएका छन् । यसपछि आउने कविहरूमा रत्नकुमार पाण्डेको **कारगिल** (गीति खण्ड काव्य, २००२), **ब्रह्मपुत्रका छालहरू** (२००२), **रत्न कमल** (खण्डकाव्य, २००२), प्रकाशित छन् । त्यस्तै गोपाल खड्काको **मेरो प्यारो ब्रह्मपुत्र** (२००२), रूपनारायण पाठकको **फिलिंगो** (मुक्तक संगालो, २००२), उमानाथ ज्ञवालीको **सपना सुनगाभाका** (२००३), नीलमणि क्षेत्री, ध्रुव क्षेत्री, अजय क्षेत्रीको संयुक्त संकलन कविता **केही पल छिनहरू** (२००३), क्षेत्रीको **धेरै आाखा रोजेँ मैले** (२००४) शान्ति थापाको **माया** (गी.स. २००४) चन्द्रकला नेवारको **याशिलालाई मेरो आज** (२००५), मोहन सुवेदीको **केही शब्द र धुवाँ** (२००५), नेत्रभूषण खड्काको **अब जन्मने मान्छे** (२००५), लक्ष्मीप्रसाद पराजुलीको **माटो र मान्छेको कविता** (२००६), तुलसी काफ्लेको **मेरो कविता यात्रा** (२००६), मुकुन्द नेपालको **भजन माधुरी** (२००६), कृष्ण विक्रम राणाको **आशाको रुखमा व्यथाको चरो** (२००६), जगन्नाथ शर्मा गौतमको **पुरानो जमाना नयाँ सम्झना** (२००७), **नारीकला** (२००८), प्रकाशित देखिन्छन् । त्यस्तै अंगराज क्षेत्रीको **भावना** (२००९), खडकराज गिरीको **क्याकटसका हातहरू** (२००९), डम्बर दाहालको **उकुस मुकुस** (२००९), नारायण उपाध्याय खतिवडाको **सयपत्री** (हाइकुसंकलन, २००७), **इन्द्रेणी** (२०१०), खिलनाथ अधिकारीको **यात्रा कविता** (२०१०), दैवकी देवी तिम्सिनाको **तिम्रो स्थान कहाँ छ ?** (२०१०), बलराम उपाध्यायको **वरिपरि हेर्दा** (मुक्तक संग्रह, २०१०), कृष्ण विक्रम राणाको **युगा चरण** (२०१०), इन्द्रप्रसाद उपाध्यायको **स्वाभिमान** (२०१०), इन्द्रप्रभादेवीको **एकसय लिमारिक** (२०११), नारायण उपाध्याय खतिवडाको **भावनाका छालहरू** (हाइकु संकलन, २०११) र लीला कालिकोटेको **कविता सौर्य** (२०११) यस चरणमा प्रकाशित भएका छन् ।

असमेली नेपाली कविताको यस जातीय जागरणको उत्थान कालमा पुरानो परिष्कारवादी र स्वच्छन्दतावादी शैलीका कविताहरू पनि देखिन आएका छन् । यस प्रकारका कवितामा वर्णनात्मक र रागात्मक शैली बढी पाइन्छ भने युगीन अभिव्यक्ति कम पाइन्छ । अघिल्लो चरणका कविताहरू असम आन्दोलन र विदेशी आन्दोलनमा बढी प्रभावित रहेका देखिन्छन् भने एकाध कवि गोर्खालेण्ड आन्दोलन, अफ्रिकाली क्रान्ति, रुस क्रान्ति जस्ता अन्तर्राष्ट्रिय स्थिति वा मुक्ति संघर्षादि घटनाहरूबाट पनि प्रभावित भएको पाइन्छ । दोस्रो चरणका पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, युद्धवीर राणा, भविलाल लामिछाने जस्ता स्थापित कविहरूका अतिरिक्त यस चरणमा आइपुग्दा दुर्गाप्रसाद घिमिरे, छविलाल उपाध्याय, मैना थापा आशा, विष्णु गौतम, पुष्पधर शर्मा, गोविन्द शाण्डिल्य, नवसापकोटा, होमबहादुर क्षेत्री, मोहन सुवेदी कृष्ण प्रसाद ज्ञवाली, हरि गजुरेल, रमेश दवाडी, जयन्तकृष्ण शर्मा, श्याम लिवाङ, नेत्रभूषण खड्का, लक्ष्मीप्रसाद पराजुली, इन्दुप्रभा देवी, निरु शर्मा पराजुली, दैवकीदेवी तिम्सिना आशा लाग्दा प्रतिभाका रूपमा लिन सकिन्छ । अघिल्लो चरणमा भन्दा यस चरणमा आइपुग्दा गुणात्मक स्तरमा बढी कविताहरू प्रकाशित भएका देखिन्छन् ।

यस चरणमा तीनवटा मुक्तक संग्रह, तीनवटा खण्डकाव्य, दुई महाकाव्य, दुई गीत संग्रह, दुई गजल संग्रह, दुई हाइकु संकलन प्रकाशित भएका छन् । यसका साथै दुइटा लिमारिक पनि प्रकाशित देखिन्छ ।

उपर्युक्त विवरणमा आएका कविहरू र तिनका कविताकृतिका अतिरिक्त अन्य धेरै कविहरू आसामबाट प्रकाशित हुने पत्रिका हाम्रो ध्वनि, सपरिवार, देशवार्ता, हाम्रो सम्पदा, पाइलो, निष्कर्ष, हाम्रो प्रजाशक्ति (नेपाली दैनिक), कामरूपा, पानस, प्रगति, सूर्योदय, नवप्रभात, नैवेद्य, शंखनाद मा अन्य धेरै कविहरू र तिनका कविता प्रकाशित देखिन्छन् । ती सबै पत्रिका र कविको यहाँ उल्लेख गरिरहनु सम्भव छैन । यहाँ प्रगीतात्मक आख्यानात्मक र नाटकीय कविता लेख्ने कवि र तिनका कविता कृतिको लामो विवरण तयार पारिएको छ ।

आधुनिक नेपाली कविताको विकासक्रममा आएको पछिल्लो धारा समसामयिक धारा हो । यस समसामयिक धारालाई यहाँ छुट्टै उल्लेख गरिएको छैन । यही जातीय उत्थानको समयभित्र यसलाई पनि समावेश गरिएको छ ।

स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरणको उत्थान कालका विशेषताहरू यस प्रकार छन्- भाषाले मान्यता प्राप्त र विदेशी भगाउने आन्दोलन साम्य भएपछि यो चरणमा आएर मानवतावादी भावधाराको विकास भएको देखिन्छ । यस चरणका कवितामा अझ युगीन परिवर्तनको चाहनाको विकास भएको छ । यस उपचरणमा प्रगतिवादी मनोभावमा विद्रोहात्मक चिन्तन पनि यदाकदा देखिएको छ । वर्तमानप्रति असन्तुष्टि र भविष्यप्रति निराशपूर्ण भाव पनि उत्तिकै आइरहेको पाइन्छ । यस चरणमा पनि

युद्धजन्य स्थितिको वर्णन पाइन्छ । शान्तिकामी मनोभाव यस चरणमा विशेष रूपले आएको देखिन्छ । शान्तिको खोज, शान्तिको पुनर्स्थापना जस्ता प्रवृत्तिको बढी विकास भएको पाइन्छ । यसका साथै यदाकदा पलायनवादी मनोभावात्मक कविताहरू पनि देखिन आउँछन् । अघिल्लो चरणको जातीयतावादी मनोभावले झन जरा गाडेको स्थिति यस चरणमा देखिन आउँछ । परिवर्तनको कामना, वर्तमानप्रति वितृष्णा पनि यस चरणमा देखिने विशेषता हो । स्वजातिप्रति गौरव मनोभाव पनि देखिएको छ । यस चरणमा प्रकृति विनाशप्रति सजग बन्दै पर्यावरणकामी मनोभाव देखिन आउँछ । यस कालका कवितामा विश्व भातृत्व तथा विश्व समन्वयको भावना देखिन आउँछ । यसैकालमा प्रयोगवाद तथा अमूर्तलेखन पनि यदाकदा देखिन आउँछ । अर्थगत सरलता तथा प्रणयसम्बन्धी अनुभूतिको विकास भएको पाइन्छ । स्वच्छन्दताको मनोभाव तथा नारीवादी चिन्तनका साथै उत्तर आधुनिक प्रवृत्ति पनि विकसित भएको देखिन्छ ।

समग्रमा स्वाधीनता उत्तरकालको यस अन्तिम चरण जातीय जागरणको उत्थान कालका कवितामा देखिएका मूलभूत प्रवृत्तिहरूलाई यस प्रकार बुँदाबद्ध गर्न सकिन्छ :

(१) मानवतावादी भावधाराको विकास

(२) युगीन परिवर्तनको चाहना

(३) नेपालीहरूको विश्वमैत्रिको भावना

(४) अमूर्त शिल्पको प्रयोग

(५) कथ्यमा समानता र शिल्पमा नवीनताको प्रस्तुति

(६) शिल्पमा समानता र कथ्यमा नवीनता

(७) स्वच्छन्दता र देशप्रेम तथा अतीतको मोह

(८) उत्तर आधुनिकको प्रभाव (नारीवाद, लीला लेखन, दलित चेतना, आयामेली चेतना)

यी मूल प्रवृत्तिभित्र अन्य धेरै सहायक प्रवृत्तिहरू देखिन्छन् । उक्त विविध प्रवृत्तिहरू हेर्दा यस धाराका कविताको निरूपण गर्न सकिन्छ । मानवतावादी स्वर, प्रगतिवादी, जातीयतावादी, थोरै प्रयोगवादी दुरुहता र कहीँ कतै पूर्वीय पाश्चात्य मिथकीय बिम्बहरूको प्रयोग, प्रकृतिको वर्णन आदि यस धाराका कविताको मुख्य परिचय हो । अझ अर्को किसिमले भन्नु पर्दा समकालीन युग जीवनले भोग्नु परेका भोगाइ र अनुभूतिको अभिव्यक्ति पनि यस धाराका असमेली नेपाली कविताको विशेष परिचय हो । वर्तमान भोगाइ, चेतनाको पीडा र अनुभूतिहरू प्राय प्राय समान छन् । १९७९ -१९९२ सम्मको अवधिमा लेखिएका कविता र १९९२ यताका कवितामा पनि केही रूपमा विभेदक लक्षणहरू देखिन थालेका छन् । अझ २००० यताका कविताहरू परिवर्तनप्रति वितृष्ण मनोभाव, युगीन परिवर्तनको चाहना, वर्तमानप्रति वितृष्ण र भविष्यप्रति निराशा, युद्धजन्य परिस्थिति, हत्या हिंसा युद्धले त्रसित

जनजीवनको वर्णन, आतंक र सन्त्रस्त परिवेशप्रति बढी संवेदनशील देखिन्छन् । यी सबै प्रवृत्तिगत वैशिष्ट्य असमेली नेपाली कविताको जातीय जागरणको उत्थानकालको समष्टि स्वरूपको निर्माण र पहिचान भएको छ । कतिपय कविताहरूमा एकै किसिमको प्रस्तुति, भावको पुनरावृत्ति, परिष्कारको अभाव, फितलो वर्णन, विशिष्ट शैलीको निर्माणमा कमी आदि कुराहरू पनि यस धारामा देखा परेका छन् । यो कतिपय सीमालाई छोडेर अध्ययन गर्दा असमको नेपाली कविताको जातीय जागरणको उत्थान कालमा केही उच्च र विशिष्ट कविताहरूको सिर्जना भएको पाइन्छ ।

## ५.३ निष्कर्ष

असममा स्वाधीनता पूर्वकालको निर्माणकालको नेपाली कविताको लेख्य परम्परा तुलाचन आलेको **मणिपुरको लडाइको सवाई**बाट सुरु भएको हो । नेपाली कविताले एघार दशक भन्दा बढी समयको इतिहास  बनाएको छ । यस अवधिमा असमेली नेपाली कवितामा धेरै मोड र परिवर्तनहरू आएका छन् । स्वाधीनता पूर्वको पूर्वार्द्धको अलिखित मौखिक परम्परालाई छोडेर उत्तरार्द्धको लिखित साहित्यको निर्माणकालीन कविता सवाई र लहरीमा केन्द्रित रहेको देखिन्छ । उत्तरार्द्ध सवाई धाराका प्रवृत्तिहरूलाई चिर्दै तुलाचन आलेको प्रवेश सँगसँगै सवाइ साहित्यको प्रवेश भएपछि असमेली कवितामा लिखित साहित्यको निर्माणकालको थालनी हुन्छ । यो काल स्वाधीनतापूर्व १९४६ सम्म रहन्छ र स्वाधीनता उत्तरमा असमेली नेपाली कवितामा आधुनिक कालको प्रारम्भ हुन्छ । हुन त महानन्द सापकोटाको **मनलहरी** (१९२३) बाटै आधुनिककालको प्रारम्भ भएको हो । १९४७ पछि स्वाधीनता उत्तरकालको प्रारम्भ हुन्छ र यस काललाई तीन चरणमा विभाजन गरेर चर्चा गरिएको छ । प्रथम चरण जातीय जागरणको काल (१९४७-१९७८) हो । यस कालमा कविता संग्रहका साथै पत्रपत्रिका मार्फत पनि कविहरू प्रकाशमा आएका छन् । यस चरणमा प्रगीतात्मक कविताका साथै आख्यानात्मक कविता पनि लेखिएको पाइन्छ । यस चरणमा आख्यान प्रधान छ वटा खण्डकाव्यहरू प्रकाशित देखिन्छन् ।

त्यसरी नै दोस्रो चरण भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलन कालको समय १९७९ - १९९२) रहेको छ । यस चरणमा आइपुग्दा असमेली कविताहरूमा जातीय चेतना जागृत भएको देखिन्छ । एक त भाषा माग आन्दोलन चरममा पुगेको छ र कैयौं आन्दोलनहरू गर्दा गर्दै पनि नेपाली भाषाले आठौं अनुसूचीमा स्थान पाउन नसकेको स्थिति छ भने अर्कोतिर त्यही घाउमा नुन छर्किदै विदेशी बहिष्कार आन्दोलनको आरम्भ भएको छ । यस्तो आपदकालीन स्थितिका कविताहरूमा आक्रोश, विद्रोह र क्रान्ति चेतनाका कविताहरू नै बढी लेखिएका छन् । यस चरणका डिल्लीप्रसाद शर्माको **रगतको मसी** (१९८२), तुलबहादुर मालेमाको **बलिदानको प्रतियोगितामा लम्केका**

**पाइलाहरू** (१९८२) भविलाल लामिछानेको **अनागत** (१९८३) युद्धवीर राणाको **चिहान नपाएका तक्माहरू** (१९८२) र विदेशी आन्दोलन प्रारम्भ मै प्रकाशित भएको सामूहिक संकलन **कविता संगम** (१९७९) का कुलप्रसाद शर्मा, जयप्रसाद दाहाल, कृष्णक्षेत्री, गोपाल बहादुर नेपाली, बी.एम. प्रधान, कमल चम्लागाईं, हेमकुमार लुइटेल, तुंगनाथ नेपालका कविताहरूले यस चरणमा विद्रोहको घोषणा गरेको देखिन्छ ।

यसपछि अन्तिममा आउने चरण जातीय जागरणको उत्थान कालको समय १९९३ बाट २०१२ सम्म रहेको छ । यस चरणसम्म आइपुग्दा असमेली नेपाली कविताले धेरै विकास गरिसकेको देखिन्छ । यस चरणसम्म आइपुग्दा प्रयोगवादी प्रवृत्ति फाटफुट रूपमा देखिन्छ भने स्वच्छन्दतावादी, प्रगतिवादी, समसामयिक विषय प्रधान कविताहरू बढी लेखिएको पाइन्छ । कसैकसैले छन्दमा काव्य लेखेको पनि पाइन्छ । आख्यानात्मक र नाटकीय काव्य पनि फाटफुट प्रकाशित भएका छन् । धेरै जसो कवितामा भविष्यतप्रति चिन्ता, युद्धजन्य परिस्थिति, वर्तमानप्रति वितृष्टि, निराशा र पलायन जस्ता प्रवृत्ति पनि देखिएका छन् ।

समग्रमा जातीय जागरणको उत्थान कालको अन्तिम अन्तिम तिर समसामयिक धाराका कवितामा युगीन राजनीतिक अस्थिरता, मानवीय मूल्यहीनता, गरिबी, अग्रगमनको अपेक्षा, भविष्यतप्रति चिन्ता, युद्धजन्य परिस्थितिको चित्रण, मानवअधिकारवादी चेतना, आर्थिक अनुशासन हीनता, उत्तरआधुनिकतावादी प्रवृत्तिको प्रभाव, नारीवादी चेतना, युगीन विषमताप्रति व्यंग्य जस्ता विशेषताहरू पाइन्छन् । पछिल्लो समयमा आएर गीत गजल र हाइकूहरूको सिर्जनाले असमेली नेपाली साहित्यमा योगदान पुऱ्याएको देखिन्छ ।